वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

अन्तिम श्रद्धाञ्जलीसहित गरियो कमरेड राममणि अधिकारीको अन्त्येष्टि

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी)का दिवंगत केन्द्रीय सल्लाहकार समितिका सदस्य राममणि अधिकारीको अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको छ । जिल्लाको बबई नदीमा बिहीबार पार्टीको हसियाँ हथौडा झण्डा ओढाएर नेता अधिकारीप्रति अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको हो ।

...बाँकी ७ पेजमा

वर्ष ४ अङ्क ९ पूर्णाङ्क १५४ २०७६ भदौ २३ गते सोमबार Monday, 9 Sept., 2019 पृष्ठ ८ मूल्य रु. १०|-

‘राष्ट्रियता जोगाउन जनयुद्धभन्दा पनि ठूलो लडाइँ अपरिहार्य’

‘भारतीय कम्पनी जिएमआरलाई सदाका लागि लखेट्नु पर्छ’

● **लक्ष्मीराम दंगाल**

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले नेपालको राष्ट्रियता जोगाउनका लागि दशवर्षे जनयुद्धको भन्दा पनि ठूलो लडाइँ अपरिहार्य रहेको बताएका छन् । शनिबार काठमाडौंमा आयोजना गरिएको ‘राष्ट्रियताको कसिमा माथिल्लो कर्णाली जलविद्युत् परियोजना’ विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै अध्यक्ष गजुरेलले यस्तो बताएका हुन् ।

अध्यक्ष गजुरेलले शासकहरू पराधीन भएकोले राष्ट्रघात व्यहोर्नु परेको स्मरण गर्दै अपर कर्णालीमा राष्ट्रघात हुन नदिन राष्ट्रवादीहरूको बृहद् मोर्चाबाट सडक आन्दोलनसँगै आवश्यक परे पुरानो दशवर्षे जनयुद्धभन्दा पनि ठूलो लडाइँ लड्न तयार रहनु पर्ने बताएका छन् । उनले मुलुकको आत्मभिरता जलविद्युतमा रहने विषय प्रष्ट पार्दै आम नेपालीलाई सरकारले गरेको राष्ट्रघात र जनघातका विषयमा सहि विषय सम्प्रेषण गर्न जरुरी भएको बताए ।

शनिबार विभिन पाँचवटा सरोकारवाला समूहहरू- राष्ट्रिय जनमोर्चा, नेकपा (माले), जनसमाजवादी पार्टी नेपाल, माथिल्लो कर्णाली बचाऔं राष्ट्रिय अभियान , पुष्पलाल अध्ययन समाज र राष्ट्रिय जागरण परिषद्, नेपालको संयुक्त अयोजनामा गरिएको अन्तर्क्रिया कार्यक्रममा प्रमुख वक्ताको रूपमा आफ्नो धारणा राख्दै अध्यक्ष गजुरेलले पटक पटक कालोसूचिमा सूचिकृत भारतीय जि.एम.आर. कम्पनीलाई पुनः नवीकरण नगरेर सँदाका निम्ति नेपालबाट लखेट्नुपर्ने समेत विचार व्यक्त गरे ।

अध्यक्ष गजुरेलले भने, “कालो सूचिमा सूचिकृत भएको र यो आफ्नो ऋण तिर्न नसकेर भएको जम्मै सम्पत्तिले पनि नपुग्ने देखिएको अवस्थामा सो कुरा सरकारलाई पनि जानकारी हुँदाहुँदै फेरि पनि उसैलाई सक्रिय गराउन खोजेर यो

...बाँकी ७ पेजमा

भदौ २० मा विशाल-कुमार, भदौ २३ मा बासु-वैरागी स्मृति दिवस

काठमाडौं । भदौं महिना दशवर्षे जनयुद्धमा केन्द्रीय नेताहरूले बलिदान गरेको महिना हो । जनयुद्धको तयारीको क्रममा २०५१ सालमा भदौं २ गते धनुषा बरमरिझयाका तत्कालीन पार्टीका केन्द्रीय सदस्य रामवृक्ष यादवले सहादत प्राप्त गरेका थिए । भदौं २ लाई रामवृक्ष स्मृति दिवसको रूपमा प्रत्येक वर्ष माओवादी पार्टीले विशेष कार्यक्रम गरी सम्झिने गरेको छ भने २०५६ भदौ २३ मा जनयुद्धको नेतृत्व गरेको नेकपा (माओवादी)का पोलिटव्यूरो सदस्य सुरेश वाग्ले‘वासु’ले सहादत प्राप्त गरेका थिए । बासुसँगै अर्का नेता भिमसेन पोखेल(क.बैरागी)ले समेत उच्च सहादत प्राप्त गरेका थिए । भदौं २३ लाई वासु-वैरागी स्मृति दिवसको रूपमा मनाउने गरिएको छ । दशवर्षे जनयुद्धमा बलिदान गर्ने सुरेश वाग्ले नै उच्च तहका माओवादी नेता हुन् ।

त्यसैगरी तत्कालीन नेकपा माओावदीका केन्द्रीय सदस्य शेरमान कुँवर ‘विशाल’ र बैकल्पिक केन्द्रीय सदस्य मोहनचन्द्र गौतम ‘कुमार’ले २०६१ साल भदौ २० गते सिरहाको धन्छवारमा उच्च सहादत प्राप्त गरेका थिए ।

क्रान्तिकारी माओवादीलगायत विभिन्न धारामा विभाजित माओवादी नेता कार्यकर्ताहरूले जनयुद्धमा बलिदान गर्ने सहिदहरूलाई विभिन्न कार्यक्रम गरी सम्झिने र सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै आएका छन् ।

क्रान्तिकारी माओवादी २ नं. प्रदेशद्वारा पाँच दिने प्रशिक्षण कार्यक्रमको सञ्चालन

सिरहा । पाँच दिने प्रदेशस्तरीय वैचारिक राजनीतिक प्रशिक्षण कार्यक्रमको नेकपा (क्रान्तिकारी माओवादी)ले २२ भदौंमा सम्पन्न गरेको छ । प्रशिक्षण कार्यक्रमको समापन गर्दै पार्टीका पोलिटव्यूरो सदस्य तथा २ नं. प्रदेशका इन्चार्ज कृष्णदेव सिंहले दक्षिणपन्थी संशोधनवादीहरू प्रतिक्रियावादी सत्तामा पुगेर फासीवादीको अभ्यास गर्दै मालेमावादमाथि भीषण हमला गरिरहेको वर्तमान अवस्थामा यहाँ सञ्चालन गरिएको यस प्रकारको वैचारिक तथा राजनीतिक प्रशिक्षणले मालेमावादको रक्षा , प्रयोग र विकासमा महत्वपूर्ण सहयोग गर्ने विचार व्यक्त गरे ।

नेता सिंहले भने, “यो समेत हामीले तीन तीनपटक प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरिसकेका छौ । यस पटकको कार्यक्रम हाम्रो प्रदेशका कार्यकर्ताहरूको वैचारिक तथा सैध्दान्तिक स्तर बृध्दि गर्नमा महत्पपूर्ण रह्यो ।”

पार्टी केन्द्रीय पार्टी स्कुल विभागका सचिव तथा केन्द्रीय प्रशिक्षक हस्तबहादुर केसीले पहिले पहिले सञ्चालन गर्दै आएका प्रशिक्षण कार्यक्रम भन्दा यसपटक सञ्चालन गरिएको प्रशिक्षण महत्वपूर्ण र अरु भिन्न रहेको बताए । उनले भने, “यस पटकबाट हामीले प्रत्येक कक्षा पश्चात आधा घण्टा सहभागीहरू विच अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने तरिका र पद्धतिको सुरुवात यहीँबाट गर्‍यौं र अत्यन्तै प्रभावकारी पनि बन्न पुग्यो ।”

पाँच दिने वैचारिक राजनीतिक प्रशिक्षणको बुधबार उद्घाटन गरिएको थियो । प्रशिक्षण कार्यक्रमको उद्घाटन पार्टीका स्थायी समिति सदस्य एवम् प्रवक्ता हरिभक्त कँडेल ‘प्रतीक’ले गरेका थिए । पार्टीका पूर्वी कमाण्डका ईन्चार्ज समेत रहेका प्रवक्ता प्रतिकले उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नवसंशोधनवादीहरू प्रतिक्रियावादी सरकारमा पुगेर फासीवादी सत्ताको अभ्यास गरिरहेको आरोप लगाएका थिए ।

चौतर्फी रूपमा नेपालको कम्युनिस्ट तथा माओवादी आन्दोलनमा संशोधनवाद र अवसरवाद हावी रहेको बेला क्रान्तिकारी बाँकी कार्यभार पूरा गर्ने अठोटसहित पार्टीले सञ्चालन गरेको यस्तो ऐतिहासिक प्रशिक्षण कार्यक्रमले क्रान्तिको महान् अभियानमा दुरगामी प्रभाव पार्ने प्रवक्ता प्रतीकले विचार व्यक्त गरेका थिए ।

नेता प्रतीकले अगाडि भनेका थिए, ँबिभिन्न रूप रंगले सिंगारिएका संशोधनवादीहरूले नेपाली क्रान्तिलाई जटिल बनाइरहेका बेला हामीले क्रान्तिको यो तयारी गरिरहेकाले आज हाम्रो सामु चुनौती र अवसर दुवै छ । यस प्रकारको अवस्थामा सञ्चालन गरिएको यो महत्वपूर्ण प्रशिक्षणले हाम्रो पार्टीका कार्यकर्ताहरूमा वैचारिक स्तर बृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्नेछ ।”

पार्टीपंक्तिभित्र पढाइ र अध्ययनको रुचि घटिरहेको र कार्यकर्ताहरूको वैचारिक स्तर पनि ज्याँदै न्यून हुँदै गइरहेको बेला आयोजना गरिएको प्रशिक्षण कार्यक्रम पार्टीका कार्यकर्ताहरूलाई लालबाट निपूर्ण बन्ने दिशामा कोसेढुङ्गा सावित हुने नेता प्रतीकले विश्वास व्यक्त गरेका थिए ।

यस प्रशिक्षण कार्यक्रममा २ नम्बर प्रदेशका ४३ जना कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

प्रशिक्षण कार्यक्रममा मार्क्सवादका तीन संघटक अङ्ग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयहरूमा कार्यकर्ताहरूमा प्रशिक्षण दिइएको थियो ।

केन्द्रीय पार्टी स्कुल विभागका सचिव

...बाँकी ४ पेजमा

क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार अधिकारीको निधनबाट पार्टी र क्रान्तिमा ठूलो क्षति : क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)मा केन्द्रीय सल्लाहकार समितिका सदस्य राममणि अधिकारीको निधन भएको छ । बाँके नेपालगञ्जको भेरी अस्पतालमा उपचरार्थ अधिकारीको बुधबार बेलुका साढे १० बजे निधन हुन पुगेको हो ।

यसबैची, पार्टी सल्लाहकार अधिकारीको निधनबाट पार्टी र क्रान्तिका लागि ठूलो क्षति भएको भन्दै नेकपा (क्रान्तिकारी माओवादी)ले एक वक्तव्य जारी गरी दिवंगत सल्लाहकार अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ ।

१९ भदौंमा पार्टी महासचिव मोहन वैद्य‘किरण’ले जारी गरेको वक्तव्यमा भनिएको छ, ‘२०७६ भदौ १८ गते बेलुकी १० : ३० बजे बर्दिया जिल्ला निवासी हाम्रो पार्टीको केन्द्रीय सल्लाहकार समितिको सदस्य क. राममणि अधिकारीको ०७३ वर्षको उमेरमा दुःखद् निधन भयो । उहाँ तेस्रो महाधिवेशन पश्चात नेपाली कम्युनिस्ट आन्दोलनमा सम्मिलित हुनु भई २०३१ सालमा सम्पन्न चौथो महाधिवेशन कालदेखि पार्टी संगठनका विभिन्न तहमा आवद्ध हुँदै केन्द्रीय समितिमा समेत रही देश, जनता, क्रान्ति र मुक्तिको पक्षमा निरन्तर काम गर्दै र दशवर्षको जनयुद्धको अवधिमा पनि आवश्यक सहयोग पुऱ्याउँदै आउनु भएको थियो । उहाँको निधनबाट क्रान्ति र पार्टीका लागि ठूलो क्षति भएको छ । यस निधनबाट हामी निकै दुखित भएका छौं । यस दुःखद् घडीमा हाम्रो पार्टी क. राममणि अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

राष्ट्रपति सीको भ्रमणमा सुरक्षाको विश्वसनीयता खोज्दै चीन

काठमाडौं । चीन, पाकिस्तान र अफगानिस्तानको विदेश मन्त्री स्तरीय बैठक सकेर आइतबार काठमाडौं ओर्लिएका चीनका स्टेट काउन्सिलर तथा विदेशमन्त्री वाङ यीले आसन्न चिनियाँ राष्ट्रपति सी चिन फिङको नेपाल भ्रमणमा सुरक्षा विश्वसनीयताप्रति चासो व्यक्त गरेका छन् । सुरक्षाकै कारण देखाउँदै केही समय पहिले भारतीय प्रधानमन्त्री मोदीले नेपाल भ्रमण गर्दा आफ्नै भारतीय सशस्त्र सेना लिएर आएपछि अन्तर्राष्ट्रिय जगतमा भिआइपी सुरक्षामा नेपालको सुरक्षा व्यवस्था कमजोर रहेको सन्देश प्रवाह भएको थियो । धेरै अघिदेखि नै चीनका राष्ट्रपति सिले नेपालको भ्रमण गर्ने बताइए पनि सुरक्षाको कारण देखाउँदै भ्रमण हुन नसकेको कुटनीतिक वृतका जानकारहरू बताउँछन् । पछिल्लो समय अक्टोबर १२ मा भारत भ्रमणको तयारीमा रहेका सि भारतको भ्रमण सकेर स्वदेश फर्कने क्रममा नेपालको भ्रमण गर्न लागेको बताइएको छ । १५ अक्टोबरमा ८ घण्टाको लागि नेपाल भ्रमण गर्ने तयारी रहेको चर्चा चलिरहँदा सिकै भ्रमणको तयारीका लागि काठमाडौं आएका चिनियाँ विदेशमन्त्रीले

...बाँकी ४ पेजमा

मोदी सरकार र कास्मिर समस्या

विषय प्रवेश

यही ५ अगस्त २०१९ मा भारतको लोकसभामा मोदी सरकारका आन्तरिक सुरक्षा मन्त्री अमित शाहले भारतको संविधानको धारा ३७० र ३५(क) खारेज गर्ने प्रस्ताव पेस गरे । उनीहरूको स्पष्ट बहुमत भएको संसदले उक्त अत्यन्त विवादित प्रस्ताव पारित गरेको छ । यसको अनुमोदन राष्ट्रपतिले पनि गरिसकेका छन् । जम्मु कास्मिरका जनतालाई भारतमा सामेल गराउनका लागि महत्वपूर्ण मानिएको भारतको संविधानको धारा ३७० अब विधिवत् रूपमा खारेज भएको छ । अब जम्मु कास्मिर राज्य रहने छैन, प्रदेश एसेम्ब्ली पनि विघटन गरिएको छ । अब, त्यहाँ जम्मु कास्मिर र लद्दाख दुई केन्द्र शासित प्रदेश बनाइएको छ । आफुलाई कट्टर हिन्दुवादीका रूपमा प्रस्तुत गर्दै आएका बिजेपी लगायतका संघ परिवारको ७० वर्षदेखिको एजेण्डा कार्यान्वयन भएकोमा उनीहरूले यसलाई ठुलो विजयका रूपमा मनाइरहेका छन् र मोदीलाई “महान र साहसी नेता”को उपाधि दिएका छन् । भारतीय राजनीतिको इतिहासमा यो निकै महत्वपूर्ण घटना बन्न गएको छ। आजका दिनसम्म यहि एजेण्डा नै भारतको राजनीतिमा प्रभावी बनिरहेको छ । भारतमा लामो समयसम्म यसको चर्चा, परिचर्चा, बहस, छलफल आदि भई नै रहने

बाँकी ७ पेजमा

> ***भारत सरकारले संविधानका दुईवटा धाराहरु खारेज गरिसकेपछि त्यसको असर कास्मिरमा, समग्र भारतमा, दक्षिण एशियामा र विश्वस्तरमा पनि निकै ठुलै मात्रामा परेको छ। त्यत्रो संख्यामा सेना र अर्धसैनिक बल प्रयोग गर्दा पनि कास्मिरी जनता संघर्षमा उत्रने प्रयास गरिरहेका छन्***

• सी पी गजुरेल •

सम्पादकीय

जनयुद्धका सहिदहरूको स्मृति

'दशवर्षे जनयुद्ध' नेपाली सर्वहारावर्गका लागि मात्र होइन, विश्व सर्वहारावर्गका निम्ति पनि एउटा महत्वपूर्ण परिघटना थियो । २१ औं शताब्दीको पहिलो दशकमा नेपालमा सञ्चालित महान जनयुद्धले विश्व सर्वहारावर्ग तथा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई समेत एउटा उत्प्रेरणा र उर्जा प्रदान गरेको थियो । र, नेपाली सर्वहारावर्गको राज्यसत्ता स्थापनाको सम्मुखमा पुगेको थियो । अर्थात् जनयुद्ध रणनीतिक रक्षा, सन्तुलन हुँदै रणनीतिक प्रत्याक्रमणको दोस्रो योजनासम्मको प्रक्रियाबाट स्थानीय सत्ता कब्जा गर्दै केन्द्रीय सत्ता कब्जाको दिशामा अगाडि बढिरहेको थियो । विचार, राजनीतिका साथै फौजी हिसाबले पनि नेपाली जनयुद्ध विजयी रूपमा अगाडि बढिरहेको थियो । यस पृष्ठभूमिमा मूल नेतृत्वले गरेको धोका र गद्दारीका कारण जनयुद्ध पराजित हुन पुग्यो । र, समाजको आमूल परिवर्तनको प्रक्रिया अबरुद्ध बन्न पुग्यो । तथापि, जनयुद्धकै बलमा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता (नाम मात्रको भएपनि), समोवेशी, समानुपातिक प्रतिनिधित्व जस्ता मुद्दाहरू स्थापित हुन पुगे । यद्यपि दोस्रो संविधानसभाबाट बनेको संविधान र त्यसयता गरिएको सत्ता अभ्यास, पात्र र प्रवृत्तिहरूलाई हेर्ने हो भने जनयुद्धको बलमा स्थापित राजनीतिक उपलब्धि पनि सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको कब्जामा पुगेको छ र सारतः यो सत्ता, व्यवस्था र संविधान प्रतिक्रियावादमा रूपान्तरण भएको छ । परणामतः श्रमजीवी सर्वहरावर्गको मुक्तिका निम्ति फेरि मुलुकमा अर्को लडाइँको अपरिहार्यता बढेर गएको छ । फेरि पनि जनताको गणतन्त्र, नयाँ जनवादी सत्ता, नयाँ जनवादी क्रान्तिको चर्चा नेपाली कम्युनिस्ट आन्दोलनको वृतमा सघन बन्दै गएको छ ।

जनयुद्ध, नीति र नेतृत्वलाई स्थापित गर्न र सत्ता कब्जाको नजिकसम्म जनयुद्धलाई पुऱ्याउने हैसियत प्रदान गर्नमा जनयुद्धमा जीवन बलिदान गर्ने सहिदहरूको महत्वपूर्ण भूमिका रह्यो । जनयुद्धको तयारीको क्रममा जीवन बलिदान गर्ने महान सहिद रामवृक्ष यादवदेखि जनयुद्धको प्रक्रियामा बलिदान गर्ने पार्टीका पोलिटब्यूरो सदस्य सुरेश वाग्ले 'बासु'ले उत्प्रेरक र चालकको भूमिका खेले । जनयुद्ध रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गर्दै गर्दा पार्टीका केसद्वय विशाल र कुमार लगायतका नेताहरूको बलिदानले पनि जनयुद्धलाई उर्जा प्रदान गऱ्यो । जनयुद्धमा भएको गौरवपूर्ण बलिदानको महानतालाई न्यूनिकरण गरिनु हुन्न । जनयुद्ध र बलिदानलाई जति धेरै स्थापित गऱ्यो, नेपाली समाजको क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई त्यसले उर्जा र उत्प्रेरणा दिन्छ । यस विषयमा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले विशेष ध्यान पुऱ्याउन जरुरी छ ।

संयोग । रामवृक्ष यादव (भदौं २), सुरेश वाग्ले (भदौं २३), विशाल-कुमार (भदौं २०)ले भदौं महिनामै सहादत प्राप्त गरेका थिए । जनयुद्धमाथि गरिएको धोका र गद्दारीका कारण तत्कालीन माओवादी जनयुद्धको नेतृत्व गरेको पार्टी टुट, फुट, विभाजनबाट गुज्रिदा जनयुद्धका सहिदहरूको स्मृति, महत्व ओझेलमा पर्दै गएको छ । जनयुद्धको नेतृत्व गरेको पार्टीको मूल नेतृत्वसहितको ठूलो हिस्सा दलाल प्रतिक्रियावादी संसदीय व्यवस्थामा पतन भएर गएपछि अहिले जनयुद्ध र जनयुद्धमा भएको बलिदानको औचित्यको विषयमा प्रश्न गर्न थालिएको छ । अहिले नेपालको कम्युनिस्ट तथा माओवादी आन्दोलनमा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) बाहेक अन्य पार्टीहरूले जनयुद्ध र बलिदान तथा सहिदहरूको प्रतिरक्षा गरेको पाइन्न । क्रान्तिकारी माओवादीले जनयुद्धको मुख्य उद्देश्यको रूपमा रहेको नेपालमा नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना गर्ने मुख्य मुद्दा अहिले पनि प्रमुख रूपमा उठाएको छ । र, नयाँ जनवादी क्रान्तिको लागि नेपाली विशिष्टतामा आधारित सशस्त्र विद्रोहको कार्यदिशामार्फत् आफ्ना विचार, राजनीति, संगठन र संघर्षसँग सम्बन्धित गतिविधिहरूलाई अगाडि बढाइरहेको छ ।

यस पृष्ठभूमिमा फेरि पनि जनयुद्धमा बलिदान गर्ने महान सहिदहरूको योगदानलाई स्थापित गर्ने, उर्जा र उत्प्रेरणाको रूपमा शिक्षा लिने र जनयुद्धमा जीवन बलिदान गर्ने सहिदहरूको मूल सपनाको रूपमा रहेको 'नयाँ जनवादी क्रान्ति'को कार्यभार पूरा गर्ने ऐतिहासिक भूमिका निर्वाह गर्ने दायित्व र जिम्मेवारी क्रान्तिकारी माओवादीकै काँधमा आएको छ । जनयुद्ध र बलिदानलाई भँजाएर आफ्नो स्वार्थपूर्ण अभिष्ट पूरा गर्ने अवसरवादीहरूले गर्ने नौटंकीका कारण सहिद परिवार र आम जनसर्वसाधारणमा समेत भ्रम पैदा भइरहेको अहिलेको अवस्थामा सहिदहरूको स्मृति र स्मृति दिवस मनाउनुको सार्थकताका बारेमा क्रान्तिकारी माओवादीको सिंगो पार्टीपंक्तिले विशेष ध्यान पुऱ्याउन जरुरी छ ।

वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

सम्पर्क नाम र फोन नम्बर
व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com

कर्णाली प्रदेश संवाददाता– दिनेश बुढा (९८६८००५८२४)

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

मार्क्सवाद, उत्पादन सम्बन्ध र नेपाली समाज

● चक्रपाणि शर्मा ●

२०४७ सालपछि पञ्चायतको अन्त्य र बहुदलीय संसदीय व्यवस्थाको स्थापना लगत्तै नेपाली अर्थतन्त्र भूमण्डलीकृत साम्राज्यवादको नव-उदारवादसित जोडिन पुग्यो । उदारवाद र खुल्ला अर्थतन्त्रको नाममा देशका ठूला सार्वजनिक उद्योगहरूको निजीकरण गरियो । कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वित्त र सञ्चारका क्षेत्रमा निजीकरण र व्यापारीकरण तीव्र बनेको छ

विश्व सर्वहारावर्गको महान् नेता तथा सिद्धान्तकार कार्ल मार्क्सद्वारा प्रतिपादित सिद्धान्त मार्क्सवाद हो । मार्क्सवाद सही अर्थमा विश्व सर्वहारावर्गको विचारधाराको विकासमा पहिलो महान् चरणको प्रतिनिधित्व गर्दछ र यो उहाँका विचार, धारणा र पद्धति मिलेर बनेको हो । मार्क्सको विचारमा मानव विकासको इतिहासमा तीन अवस्था छन्–सामन्तवाद, पुँजीवाद र समाजवाद । मार्क्सका अनुसार 'उत्पादनका साधनहरू नियन्त्रण गर्ने भनेको समाजको आर्थिक जीवनमात्र नियन्त्रण गर्ने होइन, राजनीतिक जीवन पनि नियन्त्रण गर्दछ । जो सँग आर्थिक शक्ति हुन्छ, ऊसँग नै राजनीतिक शक्ति पनि हुन्छ ।'

प्रस्तुत लेखको प्रमुख उद्देश्य भनेको मार्क्सवादले परिभाषित गरेको उत्पादन सम्बन्ध हो । सर्वहारावर्गले राजनीतिक शक्ति प्राप्तिको निमित्त आर्थिक शक्तिमाथि पनि आफ्नो स्वामित्व स्थापित गर्नुपर्दछ । समाजको गतिशीलता उत्पादनका साधनमाथिको स्वामित्व, उत्पादन शक्ति र उत्पादन साधन बीचको सम्बन्धले निर्धारित गर्दछ । मूलभूत रूपमा कुनै पनि समाजको राजनीतिक चरित्र बुझ्न त्याहाँ विद्यमान उत्पादन सम्बन्धबारे बुझ्न जरुरी हुन्छ । पुँजीवादी उत्पादन पद्धतिको नाफामुखी चरित्र र नाफाको औपनिवेशिक विस्तारो साम्राज्यवादी प्रणालीको विकास भएको देखिन्छ । खासगरी पुँजीवादी विश्वको नाफामुखी प्रवृत्तिको विघटन र 'जनकल्याणबारे' सामूहिक भावनाको पुनस्थापनाले मात्र विद्यमान आर्थिक सङ्कटबाट सर्वहारा/श्रमजीवीवर्गको माग सम्बोधन गर्दछ र सामूहिक उत्पादन प्रणालीको स्थापना गर्न मद्दत गर्दछ । अहिले पनि महाशक्ति अमेरिका जसले आफूलाई पुँजीवादी विश्वको अब्बल प्रतिनिधि ठान्दछ, त्यहाँका ४० प्रतिशतभन्दा बढी नागरिकहरू समजवादको पक्षमा देखिएका छन् । उनीहरू समाजवादी प्रणाली उत्कृष्ट राजनीतिक प्रणाली रहेको विषयमा विश्वस्त देखिन्छन् । यथार्थमा भन्नुपर्दा यो पुँजीवाद विरुद्धको विद्रोह हो । पुँजीवादी मुलुकमा विज्ञान र प्रविधिमा भएको विकास र आधारभूत आवश्यकता (शिक्षा, आवास, स्वास्थ्य र खानपान)को परिपूर्तिका बाबजुद पनि पुँजीवादी प्रणाली सङ्कटमै रहेको पाइन्छ । यसको मुख्य कारण बढ्दो सामाजिक असमानता (धनी र गरिवका बीच बढ्दो दूरी), अत्यधिक श्रमशोषण, उत्पादनको औपनिवेशीकरण, राज्य सञ्चालनमा बहुर्राष्ट्रिय निगमको बढ्दो हस्तक्षेपलगायतका प्रमुख कारण रहेका छन् । सन् २०१६मा डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपतिमा निर्वाचित भएपछि अमेरिकाले उदारवाद र खुला अर्थतन्त्र परित्याग गर्दै संरक्षणवाद (उचयतभअतष्यलष्क) अवलम्वन गर्न पुगेको छ । के यो साँच्चिकै विश्व राजनीतिमा आएको फेरबदल नै हो या ट्रम्पको संरक्षणवाद अस्थायी समाधानमात्र हो यसको अध्ययन र विश्लेषण हुनु जरुरी छ । यता चीनले भने उदारवाद र खुला अर्थतन्त्रको पक्षपोक्षण गर्दै संरक्षणवादको विरोध गरिरहेको छ ।

नेपालको आर्थिक, सामाजिक संरचना र उत्पादन सम्बन्ध इतिहासका विभिन्न चरणहरूका बिचबाट विकसित हुँदै आएको छ । खासगरी आजसम्म आउँदा नेपाली समाजको उत्पादन सम्बन्ध सुरुदेखि केन्द्रीय तथा एकात्मक राज्य स्थापनासम्म, सन् १८१६को सुगौली सन्धीदेखि २००७ सालसम्म, २००७ सालदेखि २०४६सालसम्म र २०४७ सालदेखि आजसम्म निरन्तररूपमा बदलिदै आएको छ । नेपालमा लिच्छविकालीन राजा मानदेवको पालामा सामन्तवादी व्यवस्थाको थालनी भयो र पृथ्वीनारायण शाहको पालासम्म आइपुग्दा त्यसले उत्कर्ष प्राप्त गऱ्यो र त्यसको निरन्तरता राणाकालसम्म रह्यो । कृषि, पशुपालनसँगै काठ, माटो, धातु, कपडा, राडीपाखी लगायत साना उद्योगहरूको स्थापना र विकास भयो । वस्तुविनिमय प्रणालीका साथै मुद्राको पनि चलन शुरु भयो । नेपालको वाह्य व्यापार भारत र तिब्बतसँग हुने गर्दथ्यो । त्यो बेला भूमि व्यवस्था मुख्यतः सामन्ती स्वामित्वमा आधारित थियो । पछिल्लो समय भूमिव्यवस्था बिर्ता, जागिर र रकम प्रणालीमा पनि विकसित भयो । देश मूलतः स्वतन्त्र, आत्मनिर्भर तथा प्राकृतिक अर्थतन्त्रमा आधारित सामन्तवादी अवस्थामा रह्यो ।

सन् १८१६को सुगौली सन्धीदेखि राणाशासनको सुरुवात र अन्तसम्मका अवधिमा नेपाली समाज अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती अवस्थामा बदलिन पुग्यो । सुगौली सन्धिले देशीय सामन्तवाद र ब्रिटिस साम्राज्यवादकाबिच साँठगाँठको प्रक्रियालाई अगाडी बढायो । यही बेला गोर्खा भर्तीकेन्द्रको स्थापना गरियो । सन् १९२३मा स्वामित्वमा परिणत हुँदैगएको रैकर जग्गालाई किनबेच गर्न पाइने कानुन बनाइयो र सन् १९२३मा नै ब्रिटिस भारतीय सन्धी गरी ब्रिटिस-भारतका कारखानाहरूबाट उत्पादित सामानहरूलाई निर्बाध रूपमा नेपालका आयात गरिने व्यवस्था मिलाइयो । राणाहरूद्वारा करोडौंको नेपाली सुन , चाँदी तथा गहनालाई भारतीय बैंकमा राखियो । जुद्ध सम्शेरको पालामा उद्योग परिषद् निर्माण गरियो र जुट, सलाई, कपडालगायतका औद्योगिक प्रतिष्ठानहरू स्थापना गरियो । यो अवधिमा नेपाली समाजको संरचना र उत्पादन सम्बन्ध अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती अवस्थामा परिणत हुन पुग्यो । सन् १९४७मा ब्रिटिस साम्राज्यवाद भारतबाट फिर्ता भएसँगै ब्रिटिश साम्राज्यवादले नेपालमा जुन हस्तक्षेप र उत्पीडन कायम गर्दै आएको थियो , त्यसको उत्तराधिकार भारतीय विस्तारवादले प्राप्त गऱ्यो ।

साम्राज्यवादले दोश्रो विश्व युद्धपश्चात् उपनिवेशको सट्टा नव-उपनिवेशको बाटो पकड्यो, त्यसको प्रभावबाट नेपाल अछुतो रहेन र अब नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामा मात्र होइन , नव-औपनिवेशिक अवस्थामा फेरिनै गयो । सन् १९५० को भारतसँगको असमान सन्धि, सन् १९५४मा कोशी तथा सन् १९५९मा गण्डक सम्झौता गरी जलस्रोतमाथि भारतीय कब्जा प्रारम्भ भयो । सन् १९५० को सन्धिले भारतीय शासकवर्गलाई नेपालमा बसोबास गर्न, उद्योग व्यवसाय गर्न तथा बेरोकतोक आवतजावतका लागि छुट दियो र नेपालमाथि विस्तारवादी एकाधिकारवादलाई स्थापित गरिदियो । सन् १९६० को व्यापार तथा पारवहन सन्धि र सन् १९६५को नेपाल-भारत सुरक्षा सम्झौताले नेपालको समुद्रपारसँगको व्यापारलाई अवरोध पैदा गऱ्यो र देशको पारवहन अधिकारलाई कुण्ठित तुल्यायो भने हातहतियार र सैन्य प्रविधिको क्षेत्रमा नेपाललाई भारत आश्रित बनायो ।

२०१३ सालदेखि योजनाबबद्ध विकासको थालनी गरी यातायात, सञ्चार, कृषि, उद्योग, सिँचाई, खानेपानी, ऊर्जा आदिलाई प्राथमिकता दिने त भनियो परन्तु त्यसको कार्यान्वयन भएन । चिन, अमेरिका लगायतका देशहरूसितको सम्बन्ध बढाइयो । पूर्व-पश्चिम राजमार्ग , काठमाण्डु-कोदारी ,काठमाण्डु-पोखरा लगायतका राजमार्ग पनि बने । सार्वजनिक क्षेत्रमा विभिन्न उद्योगहरूको स्थापना भयो ।

२००७ सालपछि भूमिसुधार र भूव्यवस्था सम्बन्धी कतिपय ऐन र आयोग बनाइए । पञ्चायतकालमा एकातिर बिर्ता, रैकर, जागिर, किपट आदि प्रणालीको अन्त्य र अर्कोतिर

...बाँकी ७ पेजमा

झर्रोटर्रो

kailubraha73@gmail.com
कैलुब्राह

हगेपछि दैलो देखियो

नेकपाका दुई नम्बरी अदक्षले अचेल सभासमारोह, पत्रकार भेटघाट र टेलीभिजनका कुराकानीमा फेरी हत्या हिंसा गर्ने विचार छ ? भन्दै आक्रोस पोख्न थालेका छन् । सबैतिरबाट उनका बारेमा टिका टिप्पणी, आलोचना, आरोप आदि इत्यादि लगाएपछि उनको रिसको पारो तात्न थालेको छ । एक पटक जनताका ठेक्का बोकेका महाबरिष्ठ पत्रकारले आफ्नो क्लबको कार्यक्रममा दुईनम्बरी अदक्षलाई साक्षात्कारमा ल्याए । उनले आफ्ना मनमा लागेका भएभरका प्रश्न सोधेर जनता जान्न चाहन्चन् भन्दै जबाफ माग्छन् । उनको अन्तरबार्ता लिने तरिका नै बडो अचम्मको छ । आफूले उब्जे निम्जेका प्रश्न सोध्ने अनि जनता जान्न चाहन्छन् भन्ने । त्यसैबेला उनले दुईनम्बरी अदक्षलाई केकेजाति अण्ठसण्ठ प्रश्न सोधेका थे दुईनम्बरीको कन्सिरी रनक्क तातेर आयो । भाउन्न छुट्यो । त्यसपछि उनले जबाफ फर्काउँदै भने 'के तपाइँहर्ले फेरी लडाइँ होस् भन्ने चाहेको ? फेरी हत्या हिंसा होस्, मान्छे मर्ने मार्ने खेल चलोस् भन्ने चाहेको हो ? पर्चण्डलाई कमजोर बनाएर के गर्न खोजेको ? चौतर्फी आक्रमन गऱ्या छ, गऱ्या छ । खुइल्या छ, खुइल्या छ । कैले के गरेन भन्या छ, कैले के भन्या छ । तेत्रो जनयुद्धलाई शान्ति प्रकृयामा कस्ले ल्यायो ? राजतन्त्र कस्ले फाल्यो ? गणतन्त्र कस्ले ल्यायो ? युद्ध कस्ले रोक्यो ? पर्चण्डले नचाहेको भए यो सबै परिवर्तन हुन्थ्यो ? दुनियाँमा नभ'को यति ठूलो शान्ति यहाँ कसरी भयो ? जनयुद्ध भैराखेको भए के हुन्थ्यो ? जनयुद्धलाई शान्ति प्रकृयामा कस्ले ल्यायो ? सेना समायोजन पर्चण्डले निर्णय नगरेर भयो ? खाली पर्चण्डलाई द्वेध चरित्रको भन्या छ, अकरमण्यमा फस्यो भन्या छ । द्वेध चरित्र भनेको त द्वन्द्ववादी हुने पो भनेको हो । उग्र पनि नहुने, दक्षिण पनि नहुने, बिचको भएर सबैलाई मिलाउने भनेको हो द्वेध चरित्र भनेको त । दर्शन बुझ्नु छैन । पर्चण्डलाई खुइल्याएर नङ्ग्याएर कस्लाई फाइदा छ ? देश फेरी दूर्घटनामा पर्ने खतरा देख्या छु मैले । पर्चण्डलाई खुइल्याएर, कमजोर पारेर तपाइँहर्ले गर्न खोजेको के ? मेरो प्रश्न तपाइँहर्लाई छ ।'

जनताका ठेकेदारवाला पत्रकार पनि के कम र ! उनले पनि प्रश्नै प्रश्न सोधेर ऱ्याखऱ्याख पारे । उनको काम भनेको प्रश्न सोध्ने मात्रै हो । उत्तर सुन्नु पर्दैन । उत्तर त आफैं जानेका हुन्चन् । त्यसैले एउटा प्रश्न सोध्यो अनि जवाफ दिन सुरु गर्न थाल्दा वित्तकै आर्को प्रश्न सोध्चन् । अन्तरबार्तामा त प्रश्न उत्तर, प्रश्न उत्तर, फेरी प्रश्न, फेरी उत्तर हुँदै अगाडि बढ्ने हो । तर उनको क्लबी अन्तरबार्तामा भने प्रश्नै प्रश्न, प्रश्नै प्रश्न मात्रै हुन्च । उत्तर खस्न नभ्याउँदै फेरी प्रश्न आइहाल्च । उनका जन्ताले त्यही जान्न चाहन्चन् । बेलाबेलामा तपाइँ चमत्कारी नेता भन्दै दुइनम्बरीको चाकडी पनि गरे । उनीसित अन्तरबार्ता दिँदा प्रश्न सोध्ने र जवाफ दिने एकैसाथ दुबै सँगसँगै बोल्यो भने मात्रै हुन्च । तुम शेर तो हम सवाशेर गर्दै चिच्च्याएर, कराएर बाझाबाझ गरेर बोल्न पर्च । नत्र प्रश्न सुनेर नआत्तिएर जवाफ दिउँला भन्यो भने सम्भवै हुँदैन । यो हो महाबरिष्ठ पत्रकारको अन्तरबार्ते काइदा ।

दुईनम्बरीले दिएको जबाफले यो कैलुब्राह भने चित खाएको छ । जनयुद्धका बारेमा दुईनम्बरीले दिएको जवाफले त बास्तविक कुरो त आर्कै रैच भनेर बुझियो बल्ल । यो कैलु पनि आफूलाई सानोतिनो पत्रकारै ठान्च । तर यो मामिलामा त फेल खायो । इस् खा भनेर आफैँलाई लोप्पा ख्वाउन मन लाग्यो । त्यसैले जनयुद्धका बारेमा कुरो गर्दा यो कैलुले दुईनम्बरीलाई कमण्डर ठानेको थ्यो । अझ उनलाई त जमुसेको सुप्रिमो नै ठान्थ्यो । सबैले त्यसै भन्थे । कुरो त आर्कै रैच । जनयुद्ध त आर्कैले पो गरेको रैच । दुईनम्बरीले त जनयुद्धलाई अघि बढ्न नदिएर बिचैमा रोकेर शान्ति प्रकृयामा पो ल्याएका रैचन् । जनयुद्ध पनि आफैं गर्ने शान्ति पनि आफैँले गरेर आफैं बोक्सी आफैं धामी पो हुन् कि भनेको त उनी त धामी मात्रै पो रैचन् । जनयुद्धलाई त उनले हत्या हिंसा, मान्छे मार्ने मर्ने खेल पो भने त गाँठे । कैलुले त उनलाई जनयुद्धका नायक पो ठानेको थ्यो । तर उनी त पैलादेखि नै खलनायक भएर बसेका रैचन् । त्यै भएर पैलादेखि नै बार्ता सार्ता गरेर जनयुद्ध रोक्न खोजेका रैचन् । दुई दुई पटक अरूलाई बार्तामा बसाल्दा आफ्नो मान मनितो नहुने भएर पो बार्ता भङ्ग गराएका रैचन् । तेस्रो बार्तामा त आफैं अगाडि सरेर बार्ता गरे । त्यसपछि त उनको मानमनितो हुने भएपछि, सत्तामा आफैं जान पाउने भएपछि बार्ता सफल भएको रैच । त्यसैले जनयुद्ध रोकिएको रैच । पैला सेनालाई यता ब्यारेकमा राखेर तालिम दिने सहराँ एक्काइस डिभिजन सेना बनाउने भनेको त नक्कली कुरो रैच । हतियार बोकेका सेनामेनालाई ब्यारेकमा राखेर पैसाको रेलोखेला बगाइदिएर कमाण्डर जति सबैलाई छाडा साँढेलेझैं हसुर्न लगाएको त तिनको दिमाग फ्राइ गर्न पो रैच । यत्रो कुरो जानिबुझि गरेका रैचन् । यो कैलुले सहराँ एक्काइस डिभिजन सेना बन्ला र बडेमानको विद्रोह होला भनेको त फुस्सा कुरो रैच । पछि माकुनेका पालाँ छ दिनसम्म जुलुस र हर्ताल गरेको पनि बिद्रोह गर्न नभएर दुईनम्बरीले सरखार छोड्नु परेको बदला लिन पो रैच । बल्ल गाँठी कुरो पत्तो लाग्यो । हगी पनि सकियो दैलो पनि देखियो भनेको यै रैच । *२२ भदौ २०७६*

अर्थशास्त्र

राजनीतिक अर्थशास्त्रमा मार्क्सको योगदान

● भरत पोखरेल ●

१. प्रारम्भ

मार्क्सको राजनीतिक अर्थशास्त्र जान्नका लागि कम्तिमा पनि उनको तीन खण्ड पुँजीको पच्चीस सय पाना, राजनीतिक अर्थशास्त्रको तीन सय पाना, अतिरिक्त मूल्यको सिद्धान्तको अठारसय पाना, गोथा कार्यक्रमको आलोचना, जर्मन विचारधारा, कम्युनिस्ट पार्टीको घोषणापत्र र अरु ग्रन्थहरू पनि पढ्नु जरुरी हुन्छ । यी विशाल ग्रन्थहरूले पाठकहरूलाई मार्क्सको विचारको विशेषताहरू बुझ्न मद्दत गर्छ । आर्थिक विचारहरूको बारेमा धेरै सामग्रीहरू विभिन्न भाषामा उपलब्ध छन् । यो लेखको उद्देश्य ती सामग्रीमा थप सामग्री जोड्नु मात्र होइन बरु यसले आर्थिक विचारलाई मानिसको जीवनसँग जोड्ने प्रयास हो । मानिसहरूको बुझाइमा राजनीतिक अर्थशास्त्र एउटा शुष्क र पट्यारलाग्दो विषय हो तर राजनीतिक अर्थशास्त्र प्रकृति र समाजसँग जोडिएको शास्त्र हो । एकाइसौं शताब्दीमा राजनीतिक अर्थशास्त्र मानिसहरूको चासोको विषय बन्दै गइरहेको छ । मानव विकासको क्रममा अर्थशास्त्र सधैं महत्वपूर्ण विषयको रूपमा रही आएको छ । मानव जाति सधैं अर्व्यवस्थाको आधारमा विकास हुँदै आएको छ किनभने राजनीति, धर्म, विज्ञान, कला आदिको अस्तित्वको आधार नै अर्थव्यवस्था हो । पहिला अर्थशास्त्र अविकसित अवस्थामा रह्यो तर आधुनिक समयमा यो जीवनमा महत्वपूर्ण रूपले जोडिएको छ । राजनीतिक अर्थशास्त्रको इतिहास अध्ययनबाट आधुनिक विश्वका समस्याहरू बुझ्न सहयोग मिल्छ । राजनीतिक अर्थशास्त्र प्रत्येक व्यक्तिले उसले आफ्नो विश्व दृष्टिकोण पहिल्याउने आधार पनि हो ।

राजनीतिक अर्थशास्त्रलाई पुँजीवादी र समाजवादी गरि दुई भागमा वर्गीकरण गरेको पाइन्छ । एडम स्मिथ, डेविड रिकार्डो, जोन स्टुवार्ट मीलले प्रारम्ममा अर्थशास्त्रको सिद्धान्तलाई व्यवस्थित रूपमा व्याख्या गरे । उनीहरूका अनुसार अर्थशास्त्रमा वस्तुगत नियम लागु हुन्छ तर यो मानवीय इच्छा भन्दा स्वतन्त्र कार्य प्रणाली हुन्छ भने । उनीहरूले राज्यको नीति यही आधारमा तयार हुनुपर्छ भनेर जोड पनि दिए । विलियम पेट्टी, फ्राङकोस क्वेजने र अन्य अर्थशास्त्रीहरूले आर्थिक प्रक्रियाका परिमाणात्मक विश्लेषणको आधार स्थापित गरे । उनीहरूले यो प्रक्रियालाई एक प्रकारको रचनात्मक क्रियाको रूपमा बुझ्न र यसको परिणाम तथा विस्तारको व्याख्याको खोजी गरे । मार्क्सले सामाजिक उत्पादनको पुनरुत्पादनसँग सम्बन्धित आफ्नो सिद्धान्तमा यी विद्वानहरूको वैज्ञानिक उपलब्धिहरूको प्रयोग गरे । अर्थव्यवस्था सम्बन्धि अध्ययनमा उपभोक्ता वस्तु र उत्पादनका साधनहरूको सन्तुलन, संचय र उपभोगको अनुपात वाहेका विभिन्न शाखाहरूको बीचको सम्बन्धले सबैभन्दा ठूलो भूमिका निर्वाह गर्दछ । अर्थव्यवस्थाको यही कार्यले आधुनिक आर्थिक सांख्यिकीलाई जन्म दियो ।

२. राजनीतिक अर्थशास्त्र पदावलीको प्रयोग

राजनीतिक अर्थशास्त्र पदावलीको पहिलो प्रयोग फ्रेन्च वणिकवादी अर्थशास्त्री अन्तोनी दी मनटचरेटाइनले आफ्नो पुस्तक ट्रीटिज अफ पलिटिकल इकोनोमीमा सन् १६१५ मा गरेको पाइन्छ । यो पुस्तकमा राजनीतिक अर्थशास्त्रको भूमिका देशको अर्थतन्त्र कसरी चलाउने र धन कसरी बढाउने भन्ने व्याख्या गरेको पाइन्छ । राजनीतिक अर्थशास्त्रको शाब्दिक अर्थ ग्रीक भाषाबाट व्युतपत्ति भएको पाइन्छ । पहिला राजनीतिक अर्थशास्त्र दार्शनिकहरू र विद्वानहरूले मात्र अध्ययन गर्ने विषयको रूपमा लिइन्थ्यो र यसको अध्ययन थोमस हब्स, जोन लक, डेभिड ह्युम, सभ्रान्त व्यापारीहरू र राजनेताहरूले अध्ययन गर्ने विषय थियो । पछि राजनीतिक अर्थशास्त्रको अध्ययन राज्य व्यवस्थासँग सरोकार राख्ने सबैले गर्न थाले । सुरुमा अर्थशास्त्रलाई राजनीतिक अर्थशास्त्र नै भनिन्थ्यो । अल्फ्रेड मार्शल पछि यसलाई अर्थशास्त्र मात्र भनेर प्रयोग गरिन थालियो । अर्थशास्त्र र राजनीतिक अर्थशास्त्रको पदावली प्रयोग बारे विभिन्न मतहरू छन् । विभिन्न व्यक्तिहरूले आआफ्नो बुझाइ अनुसार यसको प्रयोग गरेको पाइन्छ ।

३. राजनीतिक अर्थशास्त्रको समयक्रम र प्रणेताहरू

राजनीतिक अर्थशास्त्रमा वणिकवादी र प्रकृतिवादीहरूको ठूलो योगदान रह्यो । वणिकवादीहरूको समय सन १५००-१७७६ सम्म रहेको देखिन्छ । बेलायतमा वणिकवादीहरूलाई मरक्यानट्यालिज्म, जर्मनीमा कोलवर्टलिज्म र अष्ट्रियामा क्यामेरालिज्म भनेर सम्बोधन गरेको पाइन्छ । वणिकवादको अभ्युदय हुनाका कारणहरूमा त्यसबेलाको आर्थिक कारण, राजनीतिक कारण, धार्मिक कारण, सांस्कृतिक परिवर्तन र वैज्ञानिक र प्राविधिक परिवर्तन रहेको देखिन्छ । वणिकवादक आर्थिक सारतत्वहरूमा मुद्रा, राष्ट्रियता, सुरक्षा, वाणिज्य नीति, व्यापार, सरकारको भूमिका, जनसंख्या, रोजगार, ज्याला, मूल्य, उत्पादनका साधन, व्याज आदि थिए । अग्रणी वणिकवादीहरूमा मुन, म्यालिनेस, डेभनेन्ट, कोलवर्ट, मनटचरेटाइन, सेरा आदि उल्लेख्य मानिन्छन् ।

प्रकृतिवाद वणिकवाद पछिको आर्थिक अवस्था हो । यसको कालखण्ड १७५६-१७७६ सम्म रहेको देखिन्छ । ग्रीक भाषामा प्रकृतिवादको शाब्दिक अर्थ यसरी लगाइएको छ । फीसिस-प्रकृति र क्र्याटस-शक्ति । प्रकृतिवादीहरूका अभ्युदयका कारणहरूमा वणिकवादीहरूको अदालती जीवन जहाँ लुई पन्ध्रौं र लुई सोह्रौंले हामी नै राज्य हौं भन्ने गर्थे । चर्को कर गिर्जाघरकालागि डिम, सरकारकालीग टेले, नुनकालागि गाबाले, र भन्सारका लागि ट्रेट्सका नाममा विभिन्न कर तिर्नु पर्थ्यो । वणिकवादीहरूको आर्थिक नीतिका कारण पनि फ्रान्समा अनिकालबाट २ करोड ४० लाख जनसंख्यामा १ करोड ६० लाख मात्र बाँकी रहे । चालीस प्रतिशत मानिसहरू फ्रान्समा सुकुमवासीका रूपमा परिणत भए । प्राकृतिक क्रम जसमा राजाको अधिकार सीमित पार्ने थियो, शुद्ध उत्पादन कृषिमा उत्पादन र यसको कर बारे निर्णय गरिन्थ्यो । सम्पत्तिको परिचालन यसमा उत्पादन गर्ने वर्ग किसानहरू, सम्पत्तिका मालिकहरू जमीन्दार वर्ग र अन्य वर्गमा कास्तकारहरू पर्दथे । व्यापार त्यो वेला अनुत्पादक देखियो राज्यको कार्य स्वतन्त्र व्यापारमा आधारित थियो । सुरक्षाका लागि, शिक्षाका लागि, प्रशासनका लागि कर उठाइन्थ्यो । आर्थिक तालिका (इकनोमिक टेबल) त्यसवेलाको प्रसिद्ध उदाहरण बन्यो जसको प्रतिपादन क्वेसनेले गरेका थिए । आर्थिक बृद्धिकालागि आर्थिक नीति तयार गरिन्थ्यो । प्रसिद्ध प्रकृतिवादीमा क्वेसने, तुर्गोत, दुपोन्त, मीराबु आथि थिए । वणिकवाद-प्रकृतिवाद र शास्त्रीय अर्थशास्त्रीहरूसँग सेतुको काम गर्ने अर्थशास्त्रीहरूमा दुईजनाको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ । वीलियम पेट्टी (१६२३-१६८७) र रिचार्ड फीलिप क्यान्टिलन (१६९७-१८२३) । शास्त्रीय अर्थशास्त्रीहरूमा एडम स्मिथ (१७२३-१७९०), डेभिड रिकार्डो (१७७२-१८२३), थोमस रोवर्ट माल्थस (१७६६-१८३४), जोन स्टुवार्ट मील (१८०६-१८७३), आदि अग्रणी मानिन्छन् । काल्पनिक समाजवादीहरूमा सेन्ट साइमन (१७६०-१८२५), चार्ल्स फुरियर (१७७२-१८३७), रवर्ट ओवेन (१७७१-१८९८) आदि महत्वपूर्ण मानिन्छन् ।

४. समाजको विकासक्रम

मार्क्सवादी अर्थशास्त्र अनुसार समाजको विकासक्रम चार चरणमा विभाजन भएको पाइन्छ । यी चार चरणले समाजको अहिलेसम्मको विकासवारे मार्गचित्र प्रस्तुत हुन्छ जसले मानिसहरूलाई मानव इतिहासको विगतको बारे जानकारी गराउँछ । मार्क्सले पुँजीवादसम्म समाजलाई चार चरणमा विभाजन गरेका छन् ।

४.१ आदिम साम्यवाद

आदिम साम्यवादले मानव इतिहासको सबैभन्दा पहिला उत्पादन सम्बन्ध स्थापित गऱ्यो । श्रमले मानिसको रचना गऱ्यो । दसलाख वर्ष पुरानो मानव समाजको इतिहासमा बाँदरबाट नरमा परिवर्तन देखियो । यही युगमा ढुँगा र फलामका औजार निर्माण भए र आगोको आविष्कार भयो जुन इतिहासको कालखण्डमा ज्यादै ठूलो परिघटना मानिन्छ । गोत्र प्रथा स्वामित्व आदिम साम्यवादी उत्पादन सम्बन्धको आधार थियो । भूमि र उत्पादनका सबै साधनमा गोत्रका सबै सदस्यहरूको स्वामित्व रहन्थ्यो । मातृ र पतृसत्तात्मक गोत्र अवस्था थियो । महिला कृषिमा र पुरुष शिकारमा जाने चलन बढी भयो । शिकार मौसममा भर पर्थ्यो । खेती जीविकाको भरपर्दो श्रोत थियो यही कारणले समाजमा महिलाहरूको स्थान उच्च रहन्थ्यो ।



४.२ दास युग

दासयुगमा व्यक्तिगत सम्पत्तिको उद्भव र आदिम साम्यवादको पतन भयो । श्रमको सामाजिक विभाजन पैदा भयो । पशुपालन खेतीबाट अलग हुनु ठूलो सामाजिक श्रम विभाजन थियो । दस्तकारी खेतीबाट अलग भयो र यो दोस्रो सामाजिक श्रम विभाजन थियो । आदिम साम्यवादको अन्त्यतिर फलामको आविष्कार भयो । बढी उत्पादनले सामुहिकताबाट निजी सम्पत्तिको अवधारणा आयो । उत्पादनमा विकास विनिमयसँगै तेस्रो श्रम विजन भयो । मुद्रा अस्तित्वमा आयो । दासहरूको संख्या तीव्र रूपमा बृद्धि भयो । दास-मालिक देखा परे । समाज दुई वर्गमा पहिलो पटक बाँडियो । एउटा वर्गद्वारा अर्को वर्गको उत्पीडन गर्ने यन्त्र राज्यको जन्म भयो र त्यो वेलादेखि अहिले सम्मको इतिहास वर्ग संघर्षको इतिहास रहेको छ ।

४.३ सामन्तवाद

सामन्तवाद वर्गसंघर्षमा आधारित एउटा अर्को शोषण व्यवस्था हो । सामन्ती भूस्वामित्व सामन्ती समाजको आर्थिक आधार हो । यही वेला जमीन्दार र किसानको रूपमा वर्ग विभाजन भयो । सामन्ती लगानी तीन प्रकार देखिए । श्रमको रूपमा, जिन्सीको रूपमा र मुद्राका रूपमा । किसान विद्रोह सामन्ती समाजमा तीव्र हुँदै गएका वर्गीय अन्तर्विरोधका प्रतिविम्ब थिए । दास समाजको ठाउँमा सामन्ती समाज आउनु इतिहासमा अग्रगामी कदम थियो । यही बेला धेरै औजारहरूको पनि विकास भएको पाइन्छ ।

४.४ पुँजीवाद

वस्तु अर्थव्यवस्थाको विकास र आदिम संचयले पुँजीवादी उत्पादन सम्बन्धहरूलाई जन्मायो र अगाडी बढायो । पुँजीवादी क्रान्तिले सामन्तवादको पतनको उद्घोष गऱ्यो । बेलायतमा पुँजीवादी क्रान्ति सन् १६४० मा शुरु भएको थियो । फ्रान्समा सन् १७८९ मा पुँजीवादी क्रान्ति शुरु भयो र यो १८७५ सम्म ८६ वर्ष चल्यो । पुँजीवादी समाजको विश्लेषण वस्तुको विश्लेषणबाट शुरु गर्नु पर्दछ । पुँजीवादी समाजमा हरेका उत्पादन एउटा वस्तु हुन्छ । वस्तु पुँजीवादी अर्थव्यवस्थाको सेल (कोशिका) हो । बस्तुमा पुँजीवादका सबै अन्तरर्विरोधहरू समावेश हुन्छन् । पुँजीवादी अध्ययन वस्तुको विश्लेषणबाट नै सुरु हुन्छ ।

५. मार्क्सको श्रम सिद्धान्त

वस्तु भनेको हामी भन्दा बाहिरको त्यो चिज हो, जसमा मानिसका आवश्यकता पूरा गर्ने गुण हुनछ । अर्थशास्त्रमा वस्तु भनिनका निमित्त त्यसमा उपयोग मूल्य र विनिमय मूल्य दुबै हुनु पर्दछ । पुँजी भन्नाले उत्पादन कार्यमा प्रयोग हुने मानिसले बनाएको साधनहरू मध्ये एक हो । प्राकृतिक साधनमा श्रमको समायेजनले पुँजीको निर्माण गर्दछ । पुँजी दुई प्रकारका हुन्छन्ः भौतिक र वित्तीय पुँजी । भौतिक पुँजी - यन्त्र, औजार उपकरण। वित्तीय पुँजी - रुपियाँ, पैसा, तरल साधनहरू । श्रम दुई किसिमका हुन्छ, मूर्त (विशिष्ट) र अमूर्त श्रम । जसरी पुँजीवादी समाजमा वस्तुको उपयोग मूल्य र विनिमय मूल्य दुबै हुन्छ, त्यसरी नै श्रम पनि मूर्त र अमूर्त गरी दुई प्रकारका हुन्छन् । मूर्त श्रम - सिकर्मी, डकर्मी, सूचीकार आदि । अमूर्त श्रम - सवैले गर्ने काममा समान रहन्छ । आठ घण्टा काम गर्ने चलन सबैले गर्ने काम आठ घण्टा नै हो । यही अमूर्त श्रमले वस्तुको विनिमय मूल्य निर्धारण गर्दछ । अर्थशास्त्रमा वस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने विभिन्न सिद्धान्तहरू छन् ती मध्ये श्रमको मूल्य सिद्धान्त एक हो । श्रमको मूल्य सिद्धान्छ अनुसार वस्तु तथा सेवाहरूको बजार मूल्य तिनको उत्पादनमा प्रयोग भएको श्रमको अनुपात वरावर हुन्छ ।

कुनै चिज उपयोगी हुन सक्छ, र त्यो मानव श्रमद्वारा उत्पादित भए पनि वस्तु नहुन सक्छ । जसले आफ्नै लागि आफ्नो श्रमद्वारा कुनै चिज उत्पादन गर्छ भने वास्तवमा त्यसको उपयोग मूल्य त हुन्छ, तर वस्तु मानिदैन । उत्पादन वस्तु हुन निर्माताले उपयोग मूल्य उत्पादन गरेर मात्र पुग्दैन, त्यो अरुको उपयोग लागि बजारमा आउनु पनि पर्छ । त्यसको अरुबाट माग हुनुपर्छ, अर्थात् त्यसको सामाजिक मूल्य पनि हुनुपर्छ ।

पुँजी भन्नाले उत्पादन कार्यमा प्रयोग हुने मानिसले बनाएको साधनहरू हुन् । प्रकृतिबाट निशुल्क प्राप्त साधनहरूलाई मानव श्रमले उत्पादनको काममा प्रयोग गर्न तयार गरिएका साधन नै पुँजीभित्र पर्दछन् । पुँजी दुई प्रकारको हुन्छ- भौतिक पुँजी र वित्तीय पुँजी । भौतिक पुँजी भन्नाले यन्त्र, औजार, उपकरण जस्ता प्राविधिक सामग्रीहरू पर्दछन् । वित्तीय पुँजीभित्र रुपियाँ-पैसा जस्ता तरल साधन पर्दछन् । प्रविधि, ज्ञान, सीपलाई पनि मानव पुँजी भनी पुँजीको छुट्टै अर्को प्रकारमा राख्ने प्रचलन पनि छ । भूमि, श्रम र पुँजी यी तीन साधनमा पुँजीले बढी शोषणकारी भूमिका खेलेको देखिन्छ ।

पुँजीवादी समाजमा वस्तुको उपयोग मूल्य र विनिमय मूल्य दुबै हुन्छ, त्यसरी नै श्रम पनि विशिष्ट श्रम र अमूर्त श्रम गरी दुई प्रकारको हुन्छ । जसरी कुनै पनि वस्तुको भौतिक विशेषताले वस्तुको उपयोग मूल्यलाई सुनिश्चित गर्दछ, त्यसरी नै वस्तुहरूको उत्पादनको निम्ति विशिष्ट श्रम आवश्यक हुन्छ । विशिष्ट श्रम भनेको कार्य विभाजनमा कुशलता हो । अमूर्त श्रम भनेको त्यो श्रम हो जुन सबैले गर्ने काममा समान रहन्छ । उदाहरणका लागि आठ घण्टाको काम गर्ने सबैखाले श्रम अमूर्त श्रम हो ।

पुँजीवादी समाजमा उत्पादकलाई समाजसँग वस्तुले नै जोड्दछ । वस्तुको किनबेच प्रक्रियामा नै उत्पादकहरू बीच र उत्पादक-उपभोक्ता बीच सामाजिक सम्बन्ध बन्दछ । साथै वस्तुको उत्पादन प्रक्रियामा उत्पादक र श्रमिक बीच सामाजिक सम्बन्ध बन्दछ । यसकारण पुँजीवादी समाजमा किनबेच वा विनिमयको माध्यमबाट व्यक्ति-व्यक्ति र वस्तु-व्यक्ति बीच सामाजिक र भौतिक सम्बन्ध बन्दछ र संचालन हुन्छ ।

वस्तुहरूको निर्माणमा विभिन्नखाले श्रमको उपयोग भइरहेको हुन्छ । हरेक व्यक्तिले वस्तुको निर्माणमा खर्च गरेको श्रम, कूल सामाजिक श्रमको एक हिस्सा हो । तर यो कुरा व्यक्ति विशेषलाई र उत्पादकहरूलाई समेत त्यो बेला सम्म थाहा हुँदैन जबसम्म बजारमा एउटा वस्तुसँग अर्को वस्तुको विनिमय हुँदैन । वस्तु विनिमयको क्रममा ती वस्तुहरू निमार्ण गर्ने श्रमिकहरू अप्रत्यक्ष रूपमा सामाजिक सम्बन्धमा बाँधिएका हुन्छन् । प्रत्यक्ष रूपमा वस्तुमा संचित श्रममार्फत व्यक्ति-व्यक्ति बीच भौतिक सम्बन्ध गाँसिएको हुन्छ ।

उत्पादनका साधनहरू बिना उत्पादन संभव हुँदैन । उत्पादनका साधनहरू निर्जीव र सजीव हुन्छन् । यन्त्रहरू, कच्चापदार्थ र प्रविधि आदि जुन वस्तु उत्पादनका लागि आवश्यक हुन्छन्, तिनलाई उत्पादनका निर्जीव साधन भनिन्छ । उत्पादनका निर्जीव साधनहरू पुँजीवादी समाजमा व्यक्तिगत स्वामित्वमा रहेका हुन्छन् । यी सबै साधन भन्दा प्रमुख र उत्पादनको लागि नभई नहुने साधन श्रम हो, त्यसैले यो उत्पादनको सजीव साधन हो ।

कुनै पनि वस्तु उत्पादन गर्दा लागेको सामाजिक रूपमा आवश्यक अमूर्त श्रम समय नै वस्तुको श्रम मूल्य हो । निश्चित सामाजिक अवस्थामा औसत उत्पादन प्रणाली अन्तर्गत औसत मिहेनत र औसत सीपको प्रयोगबाट कुनै वस्तुको उत्पादन गर्दा लाग्ने श्रमको मात्रालाई सामाजिक रूपमा आवश्यक श्रम भन्ने बुझिन्छ । सामाजिक रूपमा आवश्यक श्रम कायम राख्नको निम्ति श्रमिकलाई न्यूनतम उपभोग्य वस्तुहरूको आवश्यकता पर्दछ । त्यसैले श्रमको मूल्य भनेको श्रमिकमा रहेको श्रमशक्तिलाई जोगाई राख्न आवश्यक पर्ने उपभोग्य वस्तु किन्न चाहिने न्यूनतम मूल्य हो ।

मार्क्सले पुँजीलाई चल र अचल भनेर दुई भागमा बाँडेका छन् । चल र अचल पुँजी दुबैलाई उत्पादनको काममा प्रयोग गर्न मानिसको श्रम खर्च गर्नुपर्ने हुन्छ । त्यसैले अचल पुँजी र चल पुँजी दुबैको आ-आफ्नो श्रम मूल्य हुन्छ । अचल पुँजीको श्रम मूल्य र चल पुँजीको श्रम मूल्याबीचको अनुपातलाई पुँजीको आंगिक संरचना भनिन्छ । मोटामोटी रूपमा, पुँजीको आंगिक संरचनाले पुँजीको प्रयोग कति कम वा कति बढी भएको छ भन्ने कुरा देखाउँछ अर्थात् पुँजीको सघनतालाई देखाउँछ । मार्क्सका अनुसार जब श्रमद्वारा उत्पादित विभिन्न वस्तुहरूको विनिमय वा लेनदेन हुन्छ, त्यो बेला मानवीय श्रमको बीचमा पनि तुलना भइरहेको हुन्छ । तर, एउटा मान्छेको एकदिन बराबरको श्रम अर्को मान्छेको एक दिन बराबरको श्रमसँग बराबरै हुन्छ भन्न सकिन्न । जस्तै, एउटा जहाज चलाउनेको एक दिन बराबरको श्रम, टेम्पो चलाउनेको पाँच दिनको श्रम बराबर पनि हुन सक्छ ।

एडम स्मिथ र रिकार्डोले पनि विशिष्ट श्रमलाई समान श्रममा अनुवाद गर्न सकिन्छ भनेका छन् किनभने श्रम नै सम्पूर्ण मूल्यको आधार हो र विभिन्न वस्तुमा प्रयोग भएको श्रमको मात्राको आधारमा ती वस्तुहरू बीचको मूल्य निर्धारण हुन्छ । तर, दुई किसिमको श्रमलाई तुलना गर्न बढी कठिन हुन्छ, किनभने तिनीहरू गुणत्मक रूपले भिन्न हुन्छन् । जस्तो कि टेम्पो चलाउनेले जहाज चलाउने भन्दा थोरै समय घण्टामा यो सीप सिक्न सक्छ । यस्तो भिन्नता एउटै काममा पनि श्रमिक अनुसार फरक-फरक हुनसक्छ ।

श्रमिकले बेच्ने यही श्रमशक्तिको अन्तरका कारण उनीहरूको ज्यालामा पनि भिन्नता हुन जान्छ । मानिसको श्रमशक्ति उसको जीवन रहेसम्म मात्र जीवित रहन्छ । यसको अतिरिक्त, श्रमशक्ति विकास गर्न र दक्षता हासिल गर्न व्यक्तिलाई थप मात्रामा खर्च लगानी गर्नु पर्छ । यही लगानी दक्षतामा हुने भिन्नताका कारण फरक-फरक व्यवसायमा लागेका श्रमिकहरूको श्रमशक्तिको मूल्य पनि निश्चित रूपमा भिन्न हुन जान्छ । त्यसैले निरपेक्ष

बाँकी ८ पेजमा

क्रान्तिकारी पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशको बैठक सम्पन्न, संगठन विस्तारमा जोड

● बिष्णु भट्ट

कैलाली । क्रान्तिकारी पत्रकार महासंघ सुदुरपश्चिम प्रदेश कमिटिको बैठक शनिबार सम्पन्न भएको छ । बैठकले संगठन विस्तारमा जोड दिने निर्णय गरेको छ । बैठकमा राष्ट्रिय सम्मेलनको भाव संप्रेषणका साथै केन्द्रीय योजना, जनपक्षीय पत्रकारिता र श्रमजीवी पत्रकारका हकहित लगायतका विषयमा महत्वपूर्ण छलफल भएको छ । शनिवार कैलालीको अत्तरियामा सम्पन्न बैठकले ९ वटा जिल्लामा मध्ये तीन जिल्लाको जिल्ला भेला एंव अन्य छ जिल्लामा सम्पर्क कमिटी निर्माण गर्ने निर्णय गरेको महासंघका केन्द्रीय सदस्य तथा प्रदेश संयोजक धनञ्जय अवस्थीले जानकारी दिए ।

बैठकले कैलाली, कञ्चनपुर र डडेल्धुराको जिल्ला भेला तत्काल सम्पन्न गर्ने र बैतडी सहितका जिल्लामा सम्पर्क कमिटी गठन गर्नका निम्ति प्रदेश सदस्यहरूको कार्यविभाजन समेत गरेको प्रदेश कमिटी सदस्य भुवन भट्टले बताए ।

त्यस्तै बैठकले कैलालीबाट नारायण चौधरी र डडेल्धुराबाट दिपकराज भट्टलाई प्रदेश कमिटिमा थप गरेको छ ।

महासंघको बैठकले मिडिया काउन्सिल बिद्येयक फिर्ताको आन्दोलनमा ठोस सहमतिविनै नेपाल पत्रकार महासंघले आन्दोलन बिसर्जन गरेर धोका दिएको ठहर गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता बिरोधी कानुनका बिरुद्धको संर्घषलाई जारी राख्ने निर्णय गरेको छ ।

बैठकले सरकार तथा सबै संचारमाध्यमलाई श्रमजीवी पत्रकार ऐन कार्यान्वयन र साना लगानी तथा स्वरोजगारमुखी मिडियाको प्रबर्द्धनका लागि दवाव सिर्जना गर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै बैठकले नेपाल पत्रकार महासंघलाई साझा र छाता चरित्रको बनाउन सबै जिल्ला र प्रदेशस्तरबाट खबरदारी गर्ने र पेशागत मुद्दाका विषयलाई लिएर प्रदेश स्तरमा अन्तर्क्रिया गर्ने निर्णय गरेको छ ।

बैठकलाई सम्बोधन गर्दै क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष रवि पाण्डेयले कुनै पनि निकायको हनुमानकारिता गर्दै पत्रकारले समाचार लेख्न नहुनेमा जोड दिए । उनले जनपक्षीय पत्रकारले राष्ट्रियता र जनताको पक्षमा कलम चलाउनुपर्ने उल्लेख गर्दै देशमा ब्याप्त बिकृति बिसंगतीका बिरुद्ध कलम चलाउन निर्देशन दिए । उनले भने- निर्भिक भएर कलम चलाउनुस् ।

त्यस्तै कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्युरो सदस्य सुदुर पश्चिम प्रदेशका ईञ्चार्ज एंव सेक्रेटरी अनुकुलले क्रान्तिकारी पत्रकारले आफ्नो पहल बृद्धि गर्दै राष्ट्रियता, जनतन्त्र, जनजीविका र उत्पीडित जनताको पक्षमा आवाज बुलन्द गर्न क्रान्तिकारी पत्रकारहरलाई निर्देशन दिए ।

बैठकलाई सम्बोधन गर्न काठमाडौंबाट आउँदै गरेका संगठनका अध्यक्ष इन्द्र राउत धादिङको गल्छीमा गएको पहिरोको अवरोधका कारण बैठकमा आउन नसकेको प्रदेश संयोजक अवस्थीले जानकारी दिए ।

बैठकमा अखिल क्रान्तिकारीका केन्द्रीय सचिव तथा प्रदेश संयोजक राम महराको समेत उपस्थिति रहेको थियो ।

कार्यकर्ता तत्काल रिहा नगरिए संघर्षमा उत्रने क्रान्तिकारी माओवादी प्युठानको चेतावानी

प्युठान । नेकपा (क्रान्तिकारी माओवादी) प्युठानले एक वक्तव्य जारी गरी गिरफ्तार गरिएका जिल्ला सदस्य चन्द्रप्रसाद पोखरेललाई अविलम्ब रिहाई नगरिए कडा संघर्षमा उत्रने चेतावानी दिएका थिएका छन् । प्रहरीले आर्थिक सहयोग उठाएको आरोपमा केही दिन अगाडि प्रहरीले पोखरेललाई पक्राउ गरेको थियो । पार्टीका जिल्ला इन्चार्ज टिकाराम पौडेल र सेक्रेटरी पहलमान विष्टले संयुक्त रूपमा २१ भदौंमा एक वक्तव्य जारी गरी कार्यकर्ता पोखरेललाई अविलम्ब नछाडिए संघर्षमा उत्रने चेतावानी दिएका हुन् ।

पार्टी कामको सिलसिलामा जिल्लाको स्वर्गद्वारीबाट १८ भदौंमा विना कारण गिरफ्तार गरिएको उनीहरूले वक्तव्यमा उल्लेख गरेका छन् । पार्टीलाई योजनाबद्ध फसाउन पूर्वाग्रह राखी चन्दा असुलेको आरोपमा कार्यकर्ता पक्राउ गरिएको उनीहरूले दावी गरेका छन् ।

क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज टिकाराम पौडेलका अनुसार प्रहरी हिरासतमा राखिएका पोखरेललाई जबर्जस्त चन्दा असुलीको मुद्दा लगाई जेल चलानको तयारी गरिएको छ ।

पोखरेल पक्राउ परेपछि इन्चार्ज पौडेललगायतका क्रान्तिकारी माओवादीका नेताहरूले जिल्ला सिडिओ र डिएसपीलाई आफ्नो जिल्ला पार्टीको सदस्य भएकोले छाड्न अनुरोध गर्दा पनि नछाडिएको जानकारी दिए ।

अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन चितवनको भेला सम्पन्न

चितवन । नेकपा क्रान्तिकारी माओवादी निकट शिक्षक संगठन अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन चितवनको भेला मंगलबार सम्पन्न भएको छ । सो भेलाले अमर बहादुर थापालाई उक्त संगठनको अध्यक्षमा चयन गरेको छ ।

भलाले प्रमोद अधिकारीलाई उपाध्यक्षमा, समिधा मरहट्टालाई सचिवमा र केदार परियारलाई कोषाध्यक्षमा चयन गरेको छ । त्यसैगरी भेलाले उक्त कमिटिका सदस्यहरूमा जेनिसा परियार, चन्द्रकला परियार लगायतलाई चयन गरेको छ ।

११ सदस्यीय निर्वाचित उक्त कमिटिलाई नेकपा क्रान्तिकारी माओवादीका केस विकास, चितवन जिल्ला पार्टी सचिव अशोक शर्मा लगायतका नेताहरूले सफल कार्यकालको शुभकामना दिएका थिए ।

नेता हर्कबहादुर शाहीको नाममा संस्थाको स्थापना

काठमाडौ । दैलेख जिल्लाका पुराना कम्युनिस्ट नेता हर्क बहादुर शाहीको नाममा फाउण्डेसन गठन गरिएको छ । साडे ५ दशक कम्युनिस्ट पार्टीमा विताउनु भएका शाहीको नाममा “हर्कबहादुर शाही स्मृति फाउण्डेसन” गठन गरिएको हो ।

काठमाडौमा आयोजित कार्यक्रमबाट फाउण्डेसन निर्माण गरिएको फाउण्डेसनका अध्यक्ष दिपक बहादुर शाहीले जानकारी दिएका छन् । दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनि नगरपालिका वडा नम्बर ४ मा जन्मनु भएका शाहीको २०७५ साल चैत्र २६ गते निधन भएको थियो । वि.स २०२४ सालदेखि कम्युनिस्ट पार्टीमा लाग्नु भएका शाही कर्णाली प्रदेशबाट कम्युनिस्ट पार्टीको सदस्यता लिने पहिलो व्यक्ति भएको अध्यक्ष दिपक शाहीले जानकारी दिए ।

फाउण्डेसनलाई समाज कल्याण परिषद्मा समेत दर्ता गरिएको छ । यो फाउण्डेसनले समाजको क्रान्तिकारी परिवर्तनमा हर्कबहादुर शाहीले खेल्नुभएको भुमिका र सामाज परिवर्तन तथा ज्ञान विज्ञानका क्षेत्रमा भएका नवीनतम उपलब्धिहरूको द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट विश्लेषण गरि त्यसको प्रचार प्रसार गर्ने फाउण्डेसनको उद्देश्य रहेको अध्यक्ष शालीले बताए ।

गरिव विपन्न, शहीद वेपत्ता घाइते अपाङ्गता भएका युवा विद्यार्थीलाई छात्रवृत्ति समेत फाउण्डेसनले उपलध गराउने छ । साथै, मार्क्सवादी दर्शनको प्रचारका लागि विभिन्न कार्यशाला गोष्ठी, सेमिनार सञ्चालन र प्राविधिक शिक्षाको विकासमा समेत फाउण्डेसनले कार्य गर्ने जनाएको छ ।

फाउण्डेसनले समाज परिवर्तनका लागि गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने जनाएको छ । यसै बिच हर्क बहादुर शाही फाउण्डेसनको १५ सदस्यीय कार्य समिति पनि चयन गरिएको छ । जसमा अध्यक्ष दिपक बहादुर शाही रहेका छन् भने उपाध्यक्षमा डाक्टर मधुसुधन गिरी चयन गरिएका छन् ।

त्यस्तै महासचिवमा हस्तबहादुर के.सी, सचिबमा डाक्टर कृर्पाराम विश्वकर्मा र कोशाध्यक्षमा अनिता शाही रहेका छन् । सदस्यहरूमा प्रा.डा. कवि पोखरेल, मनोहर लामिछाने, सूर्य बहादुर शाही, शिव सुन्दर शाही, नवीन कुमार शाही, रञ्जु गुरुङ, छत्र बहादुर तारामी मगर, द्रौपति रावल, सहवित वि.क र अंगत बहादुर शाही रहेका छन् । फाउण्डेसनको कार्यालय काठमाडौ र दैलेख दुवै ठाउँमा रहने छ ।

क्रान्तिकारी माओवादी बाँकेले सुरु गऱ्यो एकीकृत अभियान

बाँके । २०७६ भाद्र २० गतेबाट नेकपा (क्रान्तिकारी माओवादी) बाँकेले एकीकृत अभियान सुरु गरेको छ । संगठन विस्तार, सदस्यता वितरण, जनसम्बन्ध सुदृढ तथा जनपरिचालन गर्ने उद्देश्यले एक कार्यक्रमबीच जिल्लाको नरैनापुर गाउँपालिकाबाट अभियानको सुरुवात गरिएको जिल्ला पार्टी सचिव अर्जुनले जानकारी दिए ।

अभियानको उद्घाटन पार्टीका वैकल्पिक पीविएम संकुलले गरेका थिए । अभियानलाई जिल्लाव्यापी रूपमा लैजाने र संगठनलाई सुदृढ पार्दै संघर्षको आधार निर्माण गर्ने उद्देश्य राखिएको नेता अर्जुनले बताए ।

अभियानको क्रममा विभिन्न ठाउँमा गाउँ तथा टोलसभाहरू सम्पन्न भएका छन् र पार्टी, देजमो र जबस मोर्चाका संगठनहरू निर्माण भइरहेका छन् ।

राष्ट्रपति...

सुरक्षा व्यवस्थाबारे विशेष चासो व्यक्त गरेको स्रोतले बताएको छ ।

भारतको पुरानो सहर बनारसमा सि र मोदीबीच हुने भनिएको भेटवार्ता समेत सुरक्षाको कारण देखाउँदै भारतको तामिलनाडु राज्यको ममतापुरमा सारिएको छ । कुटनीतिक तथा सुरक्षा मामिलाका जानकारहरूका अनुसार नेपाल सरकारले सुरक्षा व्यवस्थाप्रति चीन आश्वस्त हुन नसके यसपटक हुने भनिएको सिको भ्रमण पनि अन्तिम समयमा आएर रोकिन सक्ने परिस्थिति पैदा हुन सक्छ । त्यसका लागि सरकारले चीनको सुरक्षा चासोलाई सम्बोधन गर्दै उसलाई आश्वस्त पार्न सबै शक्ति प्रयोग गर्नुपर्ने सुझाव व्यक्त गर्छन् । उनीहरूका अनुसार सुरक्षाकै कारण सिको भ्रमण स्थगित भए अन्तर्राष्ट्रिय जगतमा नराम्रो संदेश जाने भएकोले सरकारले गम्भीर भएर सोच्नु पर्ने उनीहरूको बताउँछन् ।

दलाई लामा पक्षधर स्वतन्त्र तिब्बत गतिविधि सञ्चालन गर्दै आएका तिब्बतीयन शरणार्थीहरू, उइगुर मुस्लिमहरू, हङ्कङका विद्रोहीहरू लगायतका गतिविधिहरूलाई लिएर चीन सुरक्षाको चासो व्यक्त गर्दै आएको छ । त्यसमाथि नेपालमा प्रत्यक्ष उपस्थिति जनाइरहेको अमेरिका, उसको इण्डो प्यासिफिक मिसन र नेपालको आन्तरिक मामिलामा सूक्ष्म रूपमा व्यवस्थापन गर्दै आएको भारतको गतिविधिबाट पनि चीन सशंकित बन्दै आएको छ । सरकारले भने सिको भ्रमणको सुरक्षा प्रबन्धका लागि कुनै कसर बाँकी नराख्ने गरी तयारी भइरहेको जनाएको छ ।

यसबीच, शनिबार पाकिस्तानको राजधानी इस्लामावादमा वाङ चीन-अफगानिस्तान-पाकिस्तान त्रिदेशीय विदेश मन्त्रीस्तरीय बैठकमा सहभागी भएर नेपाल आएका वाङ यी राजनीतिक भेटघाटमा व्यस्त भएका छन । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भदौ २२ गते, आइतबार अपरान्ह ४: २० बजे उनी विशेष विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका छन् ।

वाङ्ले १५ सदस्यीय चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व गरेका छन् । राती उनी होटल सोल्टी क्राउन प्लाजामा बसेका छन् । भदौ २३ गते अर्थात् आज उनले राष्ट्रपति र प्रधानमन्त्रीसँग भेटवार्ता गर्दैछन् । सोमबार दिउँसो ३:३० बजेदेखि ४:३० बजेसम्म वाङ्ले नेतृत्व गर्ने चिनियाँ प्रतिनिधिमण्डल र उनका समकक्षी प्रदीप ज्ञवालीले नेतृत्व गर्ने नेपाली प्रतिनिधिमण्डलबीच होटल याक एण्ड यतीमा दुई पक्षीय वार्ताको कार्यक्रम रहेको छ । त्यसलगत्तै दुई पक्षीय प्रतिनिधिबीचमा केही सम्झौताहरूमा हस्ताक्षर हुँदैछ । सोमबार साँझ ५ बजेदेखि ५:४५ बजेसम्म, ४५ मिनेट वाङको प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी शर्मा ओलीसँग उनको निवास बालुवाटारमा भेटवार्ता गर्नेछ । त्यसपछि विदेशमन्त्री वाङको टोली राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ताका लागि शितल निवास जाने कार्यक्रम छ । राष्ट्रपति भण्डारीसँग भने वाङ्ले बेलुकी ६ बजेदेखि ६:४० बजेसम्म, ४० मिनेट भेटवार्ता गर्नेछन् ।

भदौ २४ गते मंगलबार चीनका विदेशमन्त्री वाङ्ले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल ‘ प्रचण्ड’ र प्रमुख प्रतिपक्षी दलका नेता तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छुट्टाछुट्टै भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । विदेशमन्त्री वाङको प्रतिनिधिमण्डलमा चीनको विदेश मन्त्रालयका उपविदेशमन्त्री लु झाओहुइ, चाइना अन्तर्राष्ट्रिय डेभलपमेन्ट कोअपरेशन एजेन्सीका उपाध्यक्ष देङ बोकिङ तथा नेपालका लागि चिनियाँ राजदूत मिसेस होउ याङछी लगायत रहेका छन् । दुई पक्षीय वार्तामा नेपाली समकक्षी ज्ञवालीसहित अर्थमन्त्री युवराज खतिवडा, विदेश सचिव शंखरदास बैरागी, अर्थ सचिव राजन खनाल, शिक्षा तथा विज्ञान र प्रविधि सचिव महेशप्रसाद दाहाल, चीनका लागि नेपाली राजदूत लिलामणि पौडेल, परराष्ट्र मन्त्रालयका सहसचिवद्वय भरतराज पौडेल र कालीप्रसाद पोखरेल, उपसचिवद्वय तेजबहादुर क्षेत्री र अम्बिका जोशी तथा शाखा अधिकृत सावित्रा ओली रहेको स्रोतले बताएको छ । वाङको भ्रमण राष्ट्रपति सिको आगामी भ्रमणमा केन्द्रित रहने बताइएको छ ।

सधैं...

आएको बेला उहाँले प्रचण्डलाई पार्टी नव संसोधन वाद विषयमा जादैछ , यसलाई बचाउनु हाम्रो कर्तव्य हो । तपाईको यसमा ध्यान जाहोस् । भनेर सुझाव दिनु भएको थियो पछिल्लो समयमा उहाँ प्रेसर, सुगर जस्ता रोगहरूबाट पिडित हुनुहुन्थ्यो । तर पनि हामीले उहाँलाई भेटदा भन्ने गर्नुहुन्थ्यो कि म हिड्न सक्दैन मलाई तपाईहरू गाडीमा राखेर लैजानुहोस म आफु संग भएका ज्ञानहरू साथीहरूलाई दिनेछु भन्ने हुन्थ्यो ।

अन्तः नेपाली क्रान्तिका धरोहर अर्थात बर्दिया जिल्लाका कम्युनिस्ट पार्टीका संस्थापक कमरेड राममणी शर्मा अधिकारीको स्वास्थ्यमा समस्या देखिएपछि तत्कालै नेपालगंजको भेरी अस्पतालमा भर्ना हुनुभयो । अस्पतालमा विरामी हुदा पार्टीका महासचिव भेट गर्न आउँदा उहाँले केही त बोल्नु भएन । तर पछि उहाँका सहयोगीलाई भन्नु भएछ ठिकै छ म बिरामी भएपनि किरण जी ठिक हुनुहुँदोरहेछ । खुशी लाग्यो अबको नेपाली क्रान्तिको कार्यभार उहाँको काँधमा छ, भन्ने जस्ता गरुङ्गा वजपूर्ण शब्दहरू बोल्नु भएको थियो । त्यसैको पछिल्लो दिन हामी हस्पितलमा भेट्न जाँदा भन्नु भएको थियो । जो की तपाईहरू मलाई अस्पतालमा भेट्न आउनु भएको छ । खुशी लाग्यो यस्तै गरी सधै भरि जनतालाई भेटिरहनु जनताको साथ कहिल्यै नछोड्नु भन्नु भयो । हाम्रो लागि यो शब्द नै अन्तिम शब्दको रूपमा रहेयो। जो कि उपचारको क्रममा २०७६ साल भाद्र १८ गते राति १० :३० बजे उहाँले आफ्नो जिवन उत्सर्ग गर्नुभयो । हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले उहाँको दुखद निधन प्रति गहिरो दुख व्यक्त गर्दै पार्टीका पोलिटव्युरो सदस्य कमरेड सङ्कुल र केन्द्रीय सल्लाहकार समिति सदस्य कमरेड कृष्ण भट्टराईले झण्डा ओढाएर एक मिनेट हार्दिक श्रद्धाञ्जली अर्पण गरियो । उहाँको परिवारजन प्रति धैर्यधारणको कामना गरियो । र उहाँका अधुरा सपना पुरा गर्न हामी लागिरहेका छौं, लागिरहने छौं हार्दिक श्रद्धाञ्जली कमरेड राममणी शर्मा अधिकारी ।

क्रान्तिकारी...

हस्तबहादुर केसीले दर्शन- अन्तर्गत (१) दर्शनको उत्पत्ति र विकास, (२) मार्क्सवादी दर्शन- (क) द्वन्द्वात्मक भौतिकवाद (ख) ऐतिहासिक भौतिकवाद र (ग) साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा दर्शन, (घ) मालेमावादको ऐतिहासिक कार्यभारबारे प्रशिक्षण दिनेछन् भने केन्द्रीय पार्टी स्कुल विभागका सदस्य सिताराम तामाङ्ले राजनीतिक अर्थशास्त्रका समग्र विषयमा र केन्द्रीय पार्टी स्कुल विभागका अर्का सदस्य इन्द्रमोहन सिग्देल ‘बसन्त’ले वैज्ञानिक ससमाजवाद अन्तर्गत समग्र विषयमा प्रशिक्षण दिएका थिए । पिविएम कमल चौधरीले भने सामाजिक आन्दोलनका विषयमा प्रशिक्षण दिएका थिए ।

पार्टीका पीवीएम तथा २ नं. प्रदेशका इन्चार्ज कृष्णदेव सिंह दनुवारको अध्यक्षतामा सम्पन्न उदघाटन कार्यक्रमको सञ्चालन सञ्जय सिंहले गरेका थिए । कार्यक्रममा पार्टीका नेता कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

नेपाली एकता समाज, भारत दिल्ली–एन.सी.आर राज्य समितिको सम्मेलन भव्य रूपमा सम्पन्न

नयाँ दिल्ली । नेपाली एकता समाज, भारत दिल्ली-इनसीआर राज्य समितिको एकताको प्रथम राज्य सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । भेलाको उद्धाटन कार्यक्रम भारतको राजधानी दिल्ली अन्तर्गत नोएडा सेक्टर-४४, छलेरा भिलेज अवस्थित बरात घर भवनको सभाकक्षमा २०७६ साल भाद्र १५ र १६ गतेका दिन सम्पन्न भएको हो । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय महासचिव परि थापाको प्रमुख अतिथ्यतामा भव्य रूपमा सम्पन्न सम्मेलनमा सम्मेलनको उद्धाटन गर्दै महासविच थापाले सम्मेलनको भव्य सफलताको शुभकामना व्यक्त गर्दै नवनिर्वाचित कार्य समितिका पदाधिकारी र सदस्यहरूलाई हार्दिक बधाई समेत ज्ञापन गर्नुभयो ।

समाजका केन्द्रीय समितिका सचिवालय सदस्य एवं राज्य समितिका अध्यक्ष हरि थापाको अध्यक्षता, केन्द्रीय सदस्य एवं राज्य समितिका सचिव के. बी. सिंहको उद्घोषण, केन्द्रीय समितिका सदस्य एवं राज्य समितिका सचिव गोविन्द थापाको स्वागत मन्तव्यबाट अगाडि बढेको सम्मेलनमा सामना सांस्कृतिक परिवारद्वारा स्वागत गीत प्रस्तुत भएको थियो । सामना सांस्कृतिक परिवारका कलाकारहरूद्वारा प्रस्तुत गरिएको रोचक प्रगतिशील गीत र नृत्यहरूले सम्मेलनको थप रौनकता बढाउनुका साथै रोमान्चक बनाएको थियो ।

सम्मेलनको उद्धाटन गर्दै प्रमुख अतिथि थापाले वर्तमान कथित कम्युनिस्ट पार्टीको सरकारले विगतका सरकारहरूले जस्तै राष्ट्रघात, जनघात र भ्रष्टाचारलाई निरन्तरता र व्यापकता दिएको बताउनु भयो । उहाँले अगाडि भन्नुभयो, 'समाजवाद' को लफ्फाजी दिएको सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीको दायित्व लिनु पर्नेमा ती विषय र क्षेत्रमा भैरहेको नीजिकरणलाई तिब्रता दिएर मुठ्ठीभर दलाल, नाफाखोर र विचौलियाहरूको हितमा काम गरेको छ ।'

त्यसैगरी वहांले थप भन्नु भयो, 'वर्तमान सरकारले संविधानमा व्यबस्था भएका प्रावधानहरूका विपरित कार्य गरेको र राज्य व्यबस्था प्रतिकृयादमा पतन भैसकेकाले अब यसको भण्डाफोर गर्न आवश्यक नभएकाले आगामि मंसिर महिनामा हुने भनिएको संघीय र स्थानीय चुनावलाई सकृय बहिष्कार गर्दै राष्ट्रीयता, जनतन्त्र र जनजीविकाका समस्याहरू समाधान गर्न संघर्षलाई सशक्त ढंगले अगाडि बढाएर संघीय जनगणतन्त्र स्थापनाको दिशामा अगाडि बढ्दै वैज्ञानिक समाजवादको स्थापना गर्नु पर्दछ ।'

वहांले नेपाली एकता समाज, भारतले देश भित्र भएका र हुने विभिन्न आन्दोलन र संघर्षहरूमा सहयोग, समर्थन र सहभागिता पुर्याउँदै आएको स्मरण गर्दै नेपाली एकता समाज, भारतको प्रसंशा गर्नुभयो। साथै वहांले देशमा रोजगारीको अभावका कारण विदेशिन वाध्य भएका युवाहरू लाई संगठित, सचेत एवं अनुशासित हुन र बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा समेत नेपाली एकता समाज, भारत लाई धन्यवाद दिनुभयो।

नेपाली एकता समाज, भारत केन्द्रीय समितिका महासचिव विष्णु शर्माले नव निर्वाचित राज्य समितिको नामावलि प्रस्तुत गर्नु भएको थियो। त्यसैगरि वहांले सम्मेलन सफलताको शुभकामना व्यक्त गर्नुका साथै नवनिर्वाचित कार्य समितिलाई वधाई ज्ञापन गर्नु भयो । सम्मेलनमा शुभकामना मन्तव्य दिनेहरूमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) भारत प्रवास प्रदेश समितिका सचिव क. कुमार बोगटी 'विकल्प' नेपाली एकता समाज, भारतका केन्द्रीय समितिका उपाध्यक्षहरू राजु शर्मा, शोभाष्कर अधिकारी, सचिवालय सदस्यहरू भक्त पुन, सुरज कुमार, शम्भु थापा, केन्द्रीय सदस्यहरू रमेश गैरे, क्रान्तिकारी युवालिग सचिवालय सदस्य विक्रम थापा समेतले सम्मेलन सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो।

सम्मेलनले हरि थापाकोको अध्यक्षतामा पन्द्र (१५) पूर्ण र चार (४) जना वैकल्पिक सदस्य रहेको नेपाली एकता समाज, भारत दिल्ली(एन.सी.आर राज्य समिति चयन गरेकोछ। राज्य समितिको अन्य पदाधिकारीहरूमध्ये उपाध्यक्ष गोविन्द थापा, सचिव के. बी. सिंह, सहसचिव, दीपमाला, कोषाध्यक्ष शेर बहादुर भण्डारी रहनु भएकोछ भने सदस्यहरू दल बहादुर रायमाझी,श्यामलाल न्यौपाने, लाल बहादुर थापा, धर्मराज थापा, पवन सिंह, विष्णु सारु, नम बहादुर घर्तिमगर, कविराज पुन, किसन घर्तिमगर, रुकविर सिंजाली रहनु भएकोछ। त्यसैगरी वैकल्पिक सदस्यहरू गीता थापा, सुरेन्द्र सिंह, रमेश थापा, लोक बहादुर सिंजाली र सल्लाहकारहरू भेकराज, बिद्ध कुमार, रेश्मा शर्मा, देवीराम ओली,मोहन केसी रहनु भएको छ ।

दश वर्षमा वैदेशिक रोजगारमा गएका ७ हजार ४ सय ५५ ले ज्यान गुमाए

काठमाडौं । १० वर्षको अवधिमा वैदेशिक रोजगारीमा गएकामध्ये झण्डै साढे सात हजारले ज्यान गुमाएको तथ्यांक सार्वजनिक भएको छ। आर्थिक वर्ष २०६५-६६ देखि २०७५-७६ सम्म आइपुग्दा सात हजार ४५५ ले रोजगारीका क्रममा विदेशी भूमिमा ज्यान गुमाएका छन् । वैदेशिक रोजगार बोर्डका अनुसार सो अवधिमा १७१ महिला र ७ हजार २८४ पुरुषको ज्यान गएको छ ।

बोर्डका अनुसार आर्थिक वर्ष २०६५-६६ मा ७७, आ.व. २०६६-६७ मा ४१९, आव २०६७-६८ मा ५६५, आव २०६८-६९ मा ६४६ र आव २०६९-७० मा ७२३ ले विभिन्न कारणबाट ज्यान गुमाएका छन् ।

त्यसैगरी, आव २०७०-७१ मा ८७६, आव २०७१-७२ मा एक हजार ७, आव २०७२-७३ मा ८१३, आव २०७३-७४ मा ७५५, आव २०७४-७५ मा ८२२ र २०७५-७६ मा ७५३ नेपालीले विभिन्न देशमा ज्यान गुमाएका छन् ।

सो अवधिमा सबैभन्दा बढी मलेसियामा दुई हजार ६७० युवाले ज्यान गुमाएका छन् । त्यस्तै, साउदी अरेबियामा दुई हजार ३५, कतारमा एक हजार ४५७, संयुक्त अरब इमिरेट्स् (युएई) मा ६०४ र अन्य मुलुकमा ६८९ जनाले ज्यान गुमाएका बोर्डले जनाएको छ ।

बोर्डका अनुसार विविध कारणले कामदारले अनाहकमै ज्यान गुमाउने गरेका छन् । मुख्यरूपमा हृदयको गति बन्द (कार्डियाक एरेष्ट), हृदयाघात, कार्यस्थलमा दुर्घटना, सवारी दुर्घटना, प्राकृतिक मृत्यु, आत्महत्यालगायत कारणबाट नेपालीको विदेशी भूमिमा मृत्यु भइरहेको छ ।

दश वर्षको अवधिमा कार्डियाक एरेष्टबाट एक हजार ३०९, प्राकृतिक मृत्युबाट एक हजार ६१७, हृदयाघातबाट ६०३, कार्यस्थलमा दुर्घटनाबाट ६४४, आत्महत्याबाट ८९२ र सडक दुर्घटनाबाट एक हजार ३७ जनाको ज्यान गएको बोर्डले जनाएको छ ।

विसं २०६५ देखि २०७२ सम्मको अवधिमा मृत्यु भएका ७५९ कामदारको भने मृत्युको कारण खुल्न नसकेको 'वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति' प्रतिवेदनले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीका क्रममा घाइते तथा अङ्गभङ्ग हुनेको संख्या पनि निकै भयावह छ । रोजगार बोर्ड स्थापनाको एक दशकको अवधिमा १ हजार २५२ युवा अङ्गभङ्ग भएर स्वदेश फिर्केका छन् भने कोही अझै पनि विदेशस्थित विभिन्न अस्पतालमा अचेत अवस्था (कोमा) मा रहेका छन् । अहिले पनि २७ नेपाली युवा विभिन्न मुलुकका अस्पतालमा कोमामा छन् । परिवार स्वदेशमा विक्षिप्त अवस्थामा छन् । सरकारले कोमामा रहेका बिरामीलाई सम्भव भएसम्म स्वदेशमै ल्याएर उपचार गर्ने निर्णय गरेको भए पनि प्रभावकारी पहल नभएको पीडित परिवारको गुनासो छ ।

विश्व बैंकको एक तथ्याङ्कअनुसार झण्डै आधा संख्याका घरधुरीका परिवारिक सदस्यमध्ये कोही न कोही विदेशमा या विदेश गएर फर्केका छन् । गत आवको जेठ मसान्तसम्म ४५ लाख ९९ हजार ५६७ युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् जसमध्ये महिला दुई लाख १८ हजार २७३ छन् ।

सीमावर्ती जिल्लाका साथै पश्चिम नेपालका अधिकांश भू-भागबाट रोजागारीका लागि भारत जाने नेपालीको सङ्ख्या पनि अधिक छ, जुन तथ्यलाई चाडपर्वका क्रममा सीमानाका हुँदै स्वदेश फिर्ने नेपालीको लर्कोले पुष्टि गर्छ । यसको व्यवस्थित अभिलेख भने राख्ने गरिएको छैन । विसं २०६८ को जनगणनाअनुसार पाँच लाख ९० हजार नेपाली रोजगारीका लागि भारत पुगेका छन् ।

नेपालले ११० मुलुकलाई संस्थागत रूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ भने व्यक्तिगत श्रम स्वीकृतिमा करीब १७२ मुलुकमा नेपाली कामका लागि गएको पाइन्छ । पछिल्लो समय सरकारले द्वन्द्वग्रस्त मुलुक लिबिया, आफगानिस्तान र इराकमा सुरक्षाका कारण देखाउँदै रोजगारीमा जान प्रतिबन्ध लगाएको छ ।

नेपाली कामदारका मुख्य गन्तव्यका रूपमा मलेसिया, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई) रहेका छन् । वैदेशिक रोजगारमा जाने नेपालीको पछिल्लो आँकडा समग्रमा अध्ययन गर्दा मलेसिया र खाडी मुलुकहरूले ८६.४२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । पछिल्लो समय सरकारले गन्तव्य मुलुकको विविधीकरण गर्दै गुणस्तरीय रोजगारीको खोजीमा विकसित मुलुकमा पनि नेपाली कामदार पठाउने गरी संवाद अगाडि बढाएको छ ।

हालै नेपाल सरकारले जापानसँग समझदारीसमेत गरेको छ । त्यस्तै यूरोपका बेलायत, पोर्चुगल, माल्टालगायत मुलुकसँग रोजगारीको सम्भावनामाथि द्विपक्षीय संवादलाई तीव्रता दिएको छ ।

यसरी वैदेशिक रोजगारीमा गएकामध्ये दक्ष कामदार १.५, अर्धदक्ष २४ र अदक्ष कामदार ७४.५ प्रतिशत छन् । यसअघिको पाठ सिक्दै सरकारले अब नेपाली युवालाई दक्ष बनाएर रोजगारीमा पठाउने नीति नै अख्तियार गरेको छ । शीपयुक्त जनशक्ति पठाएपछि जोखिम कम हुने र आकर्षक कमाइ हुने सरकारको विश्वास छ ।

विभागका अनुसार आव २०७५-७६ को जेठ मसान्तसम्म मलेसियामा १३ लाख २० हजार ९८९, कतारमा १२ लाख ६७ हजार ७४५, साउदी अरबमा नौ लाख २२ हजार २५९ र युएईमा छ लाख २८ हजार ९२१ नेपाली श्रम स्वीकृति लिएर गएका छन् ।

बोर्डका अनुसार वैदेशिक रोजगारमा जाने कामदारमा प्रदेश नं १ र २ को हिस्सा करीब ५० प्रतिशत देखिन्छ भने प्रदेश नं ३ र ५ मा १६-१६, प्रदेश नं. ४ मा १३, प्रदेश ६ मा तीन प्रतिशत र प्रदेश ७ मा दुई प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकबाट प्रकाशित पछिल्लो अभिलेखअनुसार आव २०५०-५१ मा विप्रेषण आप्रवाह रु दुई अर्ब १५ करोड रहेकामा आव २०७५-७६ को असार मसान्तसम्म रु आठ खर्ब ७९ अर्ब २७ करोड पुगेको छ । तेस्रो घरपरिवार सर्वेक्षणअनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण मुलुकको ५५.८ प्रतिशत घरधुरीमा पुगेको छ । मुलुकका करीब ३१ लाख घरपरिवारले प्रतिपरिवार औसत रु ८० हजार ४०० का दरले नियमित रूपमा विप्रेषण प्राप्त गरिरहेको सर्वेक्षणले देखाएको छ ।

मेडिकल कलेजहरूको मनपूरी विरुद्ध अखिल (क्रान्तिकारी)

काठमाडौं । मेडिकल कलेजहरूले गरिरहेको मनपरी विरुद्ध अखिल (क्रान्तिकारी)ले विरोध एवम् भर्त्सना गर्दै वक्तव्य जारी गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले वक्तव्य जारी गरी एकीकृत रूपमा परीक्षा सञ्चालन गरिनुको सट्टा केही मेडिकल कलेजहरूले एमबीबीएस प्रवेश परीक्षाको मिति समेत तोकिसकेका र केहीले आफूखुसी शुल्कसहित परीक्षा लिने तयारी गरिरहेको भन्दै ७५ प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको व्यवस्था ऐनमा उल्लेख भए तापनि सरकारले नीति तथा कार्यक्रममा स्पष्ट ढंगले बजेट समेत विनियोजन नगरेको, मेडिकल कलेजहरूले मनपरी ढंगले शुल्क लिने र भएका सहमतिहरूलाई पनि कार्यान्वयन नगरेको भन्दै उक्त गतिविधिको संगठनले घोर विरोध एवं भर्त्सना गरेको हो ।

संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले जारी गरेको वक्तव्यमा शिक्षा र स्वास्थ्यलाई पूर्णरूपमा राष्ट्रियकरण, निःशुल्क एवं सर्वसुलभ बनाउनु पर्ने भन्दै मेडिकल कलेजहरूको मनपरीका विरुद्ध आवश्यक परे संघर्षमा उत्रने चेतावनी दिइएको छ ।

अखिल (क्रान्तिकारी)को अध्यक्षमा संग्रामभ्यू थापा निर्वाचित

रूपन्देही । अखिल (क्रान्तिकारी) रूपन्देहीको अध्यक्षमा संग्रामभ्यू थापा निर्वाचित भएका छन् । बुटवलको सिद्धार्थ गौतम बुद्ध क्याम्पसमा शनिबार सम्पन्न जिल्ला भेलाले संग्रामभ्यू थापाको नेतृत्वमा २७ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको हो ।

अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिव तथा ५ नं. प्रदेश संयोजक महेश श्रेष्ठको प्रमुख आतिथ्यतमा सम्पन्न भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा ५ नं. प्रदेश इञ्चार्ज प्रेम सुवेदीको विशेष आतिथीको रूपमा उपस्थिति रहेको थियो । भेलामा अन्य अतिथिहरूमा पार्टी जिल्ला सेक्रेटरी विनोद मरासिनी, विद्यार्थी प्रदेश सदस्य क्रमशः ध्रुव तारामुरा र सीता थापा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

संग्रामभ्यू थापाले सञ्चालन गरेको कार्यक्रमकामा नेता प्रेम सुवेदी, विद्यार्थी नेता महेश श्रेष्ठ, पार्टी जिल्ला सचिव विनोद मरासिनीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

भेलालाई सम्बोधन गर्दै नेता सुवेदीले रूपन्देही जिल्लामा क्रान्तिकारी विद्यार्थी आन्दोलन सशक्त र सुझारु बनाउनुपर्ने, शिक्षामा भएका सबै दलाल, भ्रष्ट, माफिया र तस्करहरूलाई ठेगान लगाउने र शिक्षालाई निःशुल्क, सर्वसुलभ, वैज्ञानिक र व्यावहारिक शिक्षाका लागि संघर्षमा उत्रनुपर्ने, युवाहरूमा भएको समस्या राज्यबाट निर्मित भएकोले राष्ट्रियताको रक्षा गर्न, जनजीविका र जनतन्त्रलाई सुनिश्चित गर्नका लागि विद्यार्थीहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए ।

भेलामा रूपन्देही जिल्लाअन्तर्गतका विभिन्न स्कुल तथा क्याम्पसहरूका विद्यार्थीहरूको उपस्थिति थियो ।

काठमाडौंको जुद्धोदय पब्लिक माविमा अखिल (क्रान्तिकारी)को संगठन निर्माण

काठमाडौं । काठमाडौंको जुद्धोदय पब्लिक मावि (जेपी)मा नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)को संगठन निर्माण गएिको छ । संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शिलु न्यौपाने, महासचिव पेशल दाहाल लगायतका नेताहरूको उपस्थितिमा उक्त माविमा इकाई कमिटि निर्माण गरिएको हो ।

विद्यार्थीहरूको भेलाले सोनाम पराजुली अध्यक्ष रहेको २१ सदस्यीय इकाइ समिति गठन गरिएको छ । जसमा उपाध्यक्ष- जुनमाया चौधरी र सुदीप शंकर, सचिव- संगीता तामाङ, सहसचिव- छिरिङ तामाङ र रोमा डुम्रे, कोषाध्यक्ष- सृजना बराल रहेका छन् । भेलाले सदस्यहरूमा निरुता तामाङ, गीता राई, ज्योति घले, मनरूपमा बुढा, सुजाता चौधरी, एलिसा घले, एलिना बस्नेत, स्वस्तिका विश्वकर्मा, रचना खत्री, सोनी कुमारी र अनुजा बञ्जरालगायत रहेका छन् ।

क्रान्तिकारी माओवादीको १ नं. प्रदेशका जिल्लाहरूमा अभियान सञ्चालन

सुनसरी । नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा अभियान सञ्चालन भएका छन् । पार्टीका पीवीएम तथा १ नं. प्रदेशका इन्चार्ज मिनकुमारले दिएको जानकारी अनुसार ओखलढुंगा-सोलुको संयुक्त जिल्लामा अभियान सञ्चालन भइरहेको छ । अभियानअन्तर्गत ओखलढुंगा सुनकोशी गाउँपालिका र सोलुको सोताङ गाउँपालिकामा दुई वटा बेग्लाबेग्लै टिमले संगठन विस्तार, सुदृढीकरण, टोलसभा तथा कोणसभा लगायतका कार्यक्रमहरू गरिरहेको छ ।

त्यसैगरी भदौ २१ गतेदेखि झापाको कमला गाउँपालिकाबाट अभियान सुरु गरिएको छ । भदौ ३१ गतेबाट उदयपुरको त्रियुगा नगरपालिकाबाट अभियान सुरु हुँदैछ भने सुनसरीमा भदौ १५ देखि धरान नगरपालिकाबाट अभियान सुरु भएको छ । यता भदौ २५ गतेबाट खोटाङ जिल्लाको खोटिहाङ गाउँपालिकाबाट अभियान सुरु गर्ने निर्णय गरिएको छ ।

अभियानको क्रममा कर्णाली प्रदेशमा संगठन निर्माण तीव्र

● **दिनेश बुढा**

सुर्खेत । पार्टीको केन्द्रीय योजना अनुसार कर्णाली प्रदेशका जिल्लाहरूमा अभियान जारी रहेको छ । अभियानको क्रममा पार्टी, देजमो, जबस मोर्चाका संगठन निर्माणलाई तीव्रता दिइएको छ ।

अभियानकै क्रममा पार्टीको दैलेखको दुल्लु न.पा.को बैठक सम्पन्न गरेको छ । बैठकले नवराजको नेतृत्वमा ७ सदस्यीय नगर कमिटी गठन गरेको छ । साथै, एक कार्यक्रमका बीच दलबहादुर शाहीको नेतृत्वमा ७ सदस्यीय दे.ज.मो. नेपाल नगर कमिटी गठन गरिएको छ भने पद्धको नेतृत्वमा ७ सदस्यीय अ.ने.म.संघ (क्रान्तिकारी) गठन गरिएको छ । त्यस्त सुस्माको नेतृत्व मा ५ सदस्यीय जनकलाकार गठन र संदिप शाहीको नेतृत्वमा क्रान्तिकारी युवा लिगको दुल्लु नगर कमिटि निर्माण गरिएको छ ।

त्यसैगरी पार्टीको नौमुले गाउँ कमिटी दैलेखको भेला सम्पन्न भएको छ । भेलाले तहल्काको नेतृत्वमा ११ सदस्यीय गाउँ कमिटी गठन गरेको छ । केहेर सिंह बुढाको अध्यक्षतामा सम्पन्न भेलाको प्रमुख आथित्यता पार्टी केन्द्रीय सदस्य तथा कर्णाली प्रदेश सचिव अस्मान गरेका थिए । भेलाले अध्यक्ष नदि र सचीव दिलिप रहेको देजमोको गाउँ कमिटि निर्माण गरेको छ भने कृष्ण सलामीको संयोजकत्वमा अखिल नेपाल जनजाति महासंघको गठन गरेको छ ।

क्रान्तिकारी पत्रकार महासंघ सुर्खेतको अध्यक्षमा जितेन्द्र थापा

सुर्खेत । क्रान्तिकारी पत्रकार महासंघ जिल्ला समिति सुर्खेत गठन गरिएको छ । सुर्खेतमा बिहीबार सम्पन्न भेलाले जितेन्द्र थापाको संयोजकत्वमा ७ सदस्सीय जिल्ला समिति गठन गरेको हो । समितिको सदस्यमा पत्रकार दिनेश बुढा क्षेत्री, भावना रोकाया लगायत रहनुभएको छ । भेला जितेन्द्र थापाको अध्यक्षता नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य तथा कर्णाली ईञ्चार्ज सिपी शर्माको प्रमुख आतिथ्यतामा भएको थियो ।

तीज पर्व कति ठीक कति बेठीक

● हिरामणि दु:खी ●

१. भर्खरै नेपाली हिन्दू समाजबाट महिलाहरूले मनाउने तीज पर्वले बिदा लिएको छ । भाद्र शुक्ल तृतीया तिथिका दिन पर्ने यो तीज पर्व नेपाली समाजमा हरितालिका तीज नामले पनि चिनिन्छ । यो पौराणिक कथनमा आधारित छ । यद्यपि कुनै पनि धार्मिक संस्कार र संस्कृतिमा आधारित चाडपर्वहरूको श्रोत पौराणिक मिथकहरू नै हुन् । तीज पनि त्यही मिथककै एक पर्व हो । यो ‘पार्वती’ले ‘शिव’ पति पाउँ भनेर केही पनि नखाई निराहार ब्रत बसेर ‘शिव’को भक्ति गरेको हुनाले उनले ‘ शिव’ पति पाएको भन्ने किम्बदन्तीमा आधारित छ । त्यसैले अहिले पनि तीजका ब्रत बस्नेहरूले दिनभर निराहार बसेर बेलुका आफ्नो पायक पर्ने स्थानका शिवालयहरूमा गएर पूजा गर्ने प्रचलन छ । त्यस दिनको ब्रत कन्याहरूले राम्रो पति पाउँ भनेर र बिबाहितहरूले पतिको सुस्वास्थ्य र दीर्घायुको कामना गरेर बस्ने परम्परा छ । यसको कुनै वैज्ञानिक, सामाजिक एवम् भौतिकवादी आधार छैन । केवल परम्परामा आधिारित मिथ र रुढ बाहेक यसमा कुनै सत्यता पनि छैन ।

ब्रत बस्दैमा राम्रो पति प्राप्त हुने वा ब्रत बस्दैमा श्रीमान्को स्वास्थ्य राम्रो हुने र आयु बढ्ने हुन्थ्यो भने विज्ञानका रूपमा आविस्कार भएका भौतिक बस्तुको कुनै काम आउने थिएन । ग्रहगोचर, दैदेवता आदिको पूजा गर्दैमा तथा स्वास्थ्यलाभ र दीर्घायुको कामना गरेर ब्रत भाकल गर्दैमा मानिस स्वस्थ हुने र आयु बढ्ने हुन्थ्यो भने संसारभरी यति ठूला अस्पतालहरूको विकास गर्नु पर्ने नै थिएन । र समाजमा अशान्ती, अत्याचार, शोषण, उत्पीडन, व्यभिचार, बलात्कार, हत्या, हिंसा आदि कुनै पनि घटनाहरू हुने थिएनन् । न त लुटतन्त्र हुन्थ्यो न त असमानता र विभेदपूर्ण समाज नै हुन्थ्यो । किनकि मानिस पाप र पूण्यका कारण कोही पनि पाप बोक्न तयार हुने थिएन । यो सबै कुरा भ्रम मात्रै हो । बरू धर्म र धार्मिक चाडपर्वहरूले त जातीय विभेद, रङ्ग विभेद, असमानता, बर्गीय उत्पीडनकारी राज्य निर्माणमा मद्दत गरेको छ । किनकि मानिसलाई भाग्यवादी बनाएर राज्यसत्ता र शाषक जाति वा समूदायका हरेक प्रकारका शोषणलाई सहेर बस्ने बनाएको छ । हिन्दू धर्मको मात्रै नभएर संसारमा विकास भएका जुनसुकै धर्मको मूल्य र मान्यताहरू अन्धविश्वासमा आधारित छन् । अल्पचेनता र भौतिकवादी विश्वदृष्टिकोण नभएका मानिसहरूको चेतनालाई भ्रमित गरेर धर्मान्धहरू टिकेका छन् । यद्यपि धर्मको सम्बन्ध सामन्तवादसँग छ । परन्तु अहिलेको भूमण्डलिकृत राजनीतिमा पूँजीवादी र साम्राज्यवादी शासनसत्ता टिकाउन पनि शासकहरूले धर्मको आड लिने गरेका पनि छन् । मान्छेलाई भाग्यवादमा अल्मल्याएर लूटको शाषन टिकाउने सत्ताधारीहरूको रणनीति भित्र धर्म र धार्मिक पर्बहरू फस्टाएका छन् ।

धर्मलाई अधिकांस मानिसले अन्धविश्वासमा मानिरहेका हुन्छन् । समाजको ठूलो हिस्सा अन्धतामै रुमलिएको हुन्छ । उनीहरूमा साँच्चिकै ‘स्वर्ग’ र ‘ नर्क’को भ्रम छ । त्यसैले तीर्थ, ब्रत, दान, धर्म, पूजाआजा गरेर ‘पूण्य’ कमाउने र मरेपछि ‘स्वर्ग’मा बास पाउने अभिलासाले उनीहरू धर्मको सहारा लिएका हुन्छन् । एक समय युरोपका कतिपय मुलुकमा त्यहाँका राजाहरूले आफ्ना जनतालाई ‘स्वर्ग’ पुर्‍याईदिने भनेर ‘स्वर्ग’ जाने टिकेट काट्न आदेश गरेर जनताबाट अकूत धन दौलत हडपेका घटना इतिहासमा पढ्न पाइन्छ । हाम्रो देशमा त यो प्रथा अर्को रूपमा अध्यावधिक छ । जस्तो कि पशुपतिनाथमा गरिने/गराइने महादानदेखि विभिन्न प्रकारका दान दक्षिणा चढाउने प्रथा रहेको छ । त्यस्तै अहिले फेसनका रूपमा विकास भएका सप्ताह, माहापूराण लगाउने र त्यहाँ भक्तहरूलाई प्रतिष्पर्धात्मक रूपमा दान दक्षिणा चढाएर ‘स्वर्ग’प्राप्ती गर्ने सांसारिक दुःखबाट मुक्त हुने जस्ता भ्रम दिइन्छ । रुद्री, सत्यनारायणका कथा लगाउने, लक्ष्यबर्तिका बाल्ने, सप्ताह पुराण लगाउने, बृद्ध भएपछि चौरासी पूजा गर्ने, मरेपछि तेह्र दिनसम्म किरिया बसेर गरुढ पुराणमा बर्णित विभिन्न प्रकारका दान दक्षिणा दिनु जस्ता कर्मकाण्डीय कार्य गरेर ‘स्वर्ग’ प्राप्त हुन्छ भनेर गरिने कार्य त्यही युरोपका राजाहरूले ‘स्वर्ग’ जाने टिकेट काटे जस्तै हो । त्यसैले तीज, पञ्चमीमा गरिने ब्रत तथा पूजा, विभिन्न प्रकारका ब्रतहरू, मठमन्दिरहरूमा जाने, पूजाआजा गर्ने, भाकल गर्ने, ग्रहदशाको जप तथा शान्ति गर्न ब्रत बस्ने, पूजा गर्ने, शक्तिपीठहरूको दर्शन गर्न तीर्थाटन जाने, जात्राहरू मनाउने आदि सबै त्यही ‘स्वर्ग’ र ‘मोक्ष’ प्राप्तीका सूचकहरू हुन् ।

२. तीजको एउटा पक्ष त पतिका निम्त ब्रत बस्ने र पूजा गर्ने कुरासँग सम्बन्धित छ, जस्को माथि चर्चा गरिसकिएको छ । अर्को पक्ष भनेको चेलीबेटीहरू माइती मावलीमा जाने, दिदी-बहिनी र साथी-सँगीहरू सबै जम्मा भई चौतारीहरूमा भेला भएर नाचगान गर्ने, पिङ खेल्ने, रमाइलो गर्ने हो । त्यस दिन घरपरिवारका सासू-ससुरा, देवर-जेठाजु, लोग्ने, नन्द-आमाजूहरूले गरेका दुर्ब्यवहार, शोषण, अत्याचार आदिका बारेमा गीत गाउने र बर्षदिनको एक पटक भए पनि मनको बह पोखेर आत्मसन्तुष्टी लिँदै नाच्ने गरिन्छ । यसलाई एकातिर नेपाली समाजमा बुहारीहरूले घरमा ब्यहोर्नु परेका उत्पीडनका विरुद्ध गीतबाटै भएपनि विद्रोह बोल्ने एउटा पर्वका रूपमा लिइन्छ भने, अर्कातिर दिदी-बहिनी, साथी-सँगी जम्मा हुने र आफ्ना आमा-बुबा, दाजु-भाइसँग सँगै बसेर मिठा मिष्टाङ्ग भोजन खाँदै रमाइलो गर्ने पर्वका रूपमा पनि लिइन्छ । यो दिदी-बहिनी र साथी-सँगी तथा आफन्तसँगको मिलनको अवसर जुराउने पर्व पनि हो । यो एक हदसम्म सकारात्मक पक्ष पनि हो । समाजमा स्थापित परम्परागत मूल्य-मान्यता र संस्कार-संस्कृतिहरू पनि शत प्रतिशत खराब वा शत प्रतिशत ठीक भन्ने हुँदैन । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण अङ्गाल्ने कुनै पनि मानिसले यस्ता परम्परागत संस्कार-संस्कृतिहरूको सकार र नकार पक्षलाई पर्गेल्ने र समाजलाई अग्रागामि दिशातिर डोऱ्याउन मद्दत पुग्ने भएमा मात्रै त्यस्ता संस्कृतिहरूका राम्रा पक्षलाई अङ्गाल्नु पर्छ । तर अहिलेसम्म पनि त्यसरी पर्गेलेर स्वीकार वा अस्वीकार गरिएको पाइँदैन । बरू सीमित राजनीतिक स्वार्थका कारण अरूको सिको गर्ने र अचेतनशील जनताले रुढिका रूपमा पछ्याएका संस्कृतिहरूलाई भोटको राजनीति गरेर उनकै पछि सचेत राजनीतिज्ञहरू पनि दौडिरहेका छन् ।



हिँजोआज कतिपय नारीवादी अभियन्ताहरू, राजनीतिक दलका महिला नेताहरू विभिन्न सामाजिक सङ्घसंस्था, सरकारी तथा गैरसरकारी निकायका कर्मचारी महिलाहरूले यसलाई आफ्नो लिङ्गीय उन्मुक्तिका पर्वका रूपमा लिने गरेका छन् । त्यसैले उनीहरू तीजभन्दा महिनादिन पहिलेदेखि नै दर खान जम्मा हुने, विभिन्न पार्टी प्यालेसहरू, क्लवहरू, होटेल रिसोर्टहरू, सभाहलहरूमा जम्मा भएर दर खाने प्रचलन बढ्दै गएको छ । यो पर्वका नाउँमा आएको विकृति हो ।

यो पर्वको अर्को विकृत पक्ष भनेको फेसन र गरगहना प्रदर्शनको स्पर्धा हो । महिला अधिकारका ठूला ठूला भाषण गर्ने नारीवादीहरू, स्थानीय तहदेखि केन्द्रसम्मका जनप्रतिनिधि महिलाहरू, स्कुल कलेजका शिक्षिकाहरू, राजनीतिक दलका महिला नेताहरूसम्म सबैलाई फेसन सो र गहना स्पर्धाको प्रभावले लपक्कै छोएको हुन्छ । मानौं कि तीजका दिनमा गहना र फेसनेवल कपडा प्रदर्शन गर्नाले महिलाका समग्र अधिकार प्राप्त भएको होस् । अघिपछि महिला अधिकारका कुरा गर्नेहरू नै तीजका दिन धर्मका नाममा आफ्ना श्रीमान्को आयु बढाउन र सुस्वास्थ्यको कामनामा ब्रत बस्ने गर्छन् । यस्ता ब्रत बस्नेहरू मध्यका धेरैजसोले बेलुका आफ्ना पतिको गोडा धोएर जल खाएर मात्र अन्नादिको भोजन गर्छन् । पुरुष सरहको समान अधिकार खोज्ने र श्रीमान्को निम्ति ब्रत बस्ने कुरा अन्तरबिरोधी कुरा हुन् । ब्रत बस्ने र पूजाआजा गर्ने कुरा सामन्तवादी संस्कृति हो भने बराबरी हक अधिकारको कुरा गर्नु न्यायपूर्ण समानता र मानवताको कुरा हो । सामन्तवादी परम्परागत संस्कृतिले समानता र न्यायको कुरालाई अस्वीकार गर्छ । त्यसैले महिला अधिकारकर्मी, राजनीतिज्ञ, तथा आधुनिक शिक्षाबाट शिक्षित महिलाहरूले तीज पर्वलाई आफ्नो पतिब्रता धर्मसँग जोडेर मनाउने, फजुल खर्च गरेर भड्किलो फेसन र गहना प्रदर्शन गर्ने, महिनौंदेखि दर खाने जस्तो विकृतिमा लाग्नु सोभनीय र चेतनशील कुरा होइन ।

३. तीज पर्व धार्मिक संस्कृतिको एउटा पक्ष त हुँदै हो, अहिले यो फेसनका रूपमा पनि स्थापित हुँदै गएको छ । तीजको ब्रत लगभग दस बर्सभन्दा माथिका अबोध वालिकाहरू समेत बसेका भेटिन्छन् । धार्मिक परम्परामा अबिबाहित युवतीहरू ब्रत बस्नाले राम्रो श्रीमान् प्राप्त हुन्छ भन्ने मान्यता छ । तर ती अबोध बालिकाहरूलाई राम्रो श्रीमान् पाउने कुरासँग कुनै सरोकार हुँदैन र तिनले यो धार्मिक मान्यता बुझेका पनि हुँदैनन् । तथापि तिनीहरू साथी सँगीहरू, दिदी, भाउजूहरू, आमा-हजुरआमाहरू ब्रत बसेको देखेर र यो तीज पर्व महिलाहरूको हो भन्ने देखेर सुनेर रहरका रूपमा ब्रत बसेका हुन्छन् । यसले महिलाहरूलाई अबोध उमेरदेखि नै पुरुष ठूला हुन् र महिला साना हुन्, महिलाले पुरुषको पूजा गर्नु पर्छ, भोली आफ्नो बिहे भएर अर्काको घरमा गएपछि लोग्नेको यसैगरी ब्रत बसेर पूजा गर्नु पर्छ, दीर्घायुको कामना गर्नु पर्छ भन्ने चेतना घुसाइदिन्छ । यसरी संस्कार-संस्कृति र चाडपर्वका माध्यमबाट समेत हामीले ससाना बाल-बालिकाहरूलाई कलिलै उमेरदेखि नै महिला र पुरुषबिच विभेदको पर्खाल खडा गरिदिन्छौं भने हामीले पछि महिला अधिकारको कुरा गर्नु, महिला पुरुष समान हुनुपर्छ भन्नु कति औचित्यपूर्ण हुन्छ ?

४. सत्ताका उपरीसंरचनामा भएका फेरबदल सँगै राजनीतिकर्मीहरूले समेत विभिन्न जातजाति र समूदायका जनताले मनाउँदै आएका परम्परा, धर्म, संस्कार-संस्कृति र चाडपर्वहरूलाई अझ बढि प्रश्रय दिएर मनाउने गरेका छन् । हिजो जनयुद्धकालमा जनवादी संस्कार संस्कृतिको विकास गर्ने भनेर कैयौं रुढिवादी संस्कार-संस्कृतिहरूको विरोध गरेका, अन्धविश्वासमा आधारित पर्व र संस्कारहरूको विरोध गरेर मनाउन छोडेकाहरू आज सत्तामा पुगेपछि आफैंले हिजोका मूल्य मान्यताहरूलाई कुल्चेर परम्परागत रुढ संस्कृतिलाई पछ्याउन थालेका छन् । पुरुष सरह समान हैसियत निर्माण गरेका नेतृहरू, जनमुक्ति सेनाका योद्धा र कमाण्डरहरू आज भटाभट पुरानै संस्कार संस्कृति, रिति परम्परागत चाडपर्वहरू मनाउने होडबाजीमा लागेका छन् । हिजो काङ्ग्रेस र झापा आन्दोलनबाट विकसित भएका माले-एमालेहरूले समेत अहिलेका सत्तासीन माओवादीहरूलेझैं विगतमा आफैंले स्थापित गरेका मूल्यहरूको विघटन गरेका थिए । सङ्घर्षमा हुँदा स्थापित गरेका मूल्यहरूलाई सत्ताप्राप्तीपछि विघटन गर्ने र पुरानै सामन्तवादी संस्कृतिलाई बोकेर हिँड्ने नेपाली राजनीतिको सबैभन्दा पाखण्डी र ढौंगी चरित्र बन्न पुगेको छ ।

राजनीतिमा व्यवस्थै परिवर्तन भयो, युग परिवर्तन भयो, सत्ताको मूल स्वरूप नै परिवर्तन भयो भनेर वकालत गर्नेहरूले नै सामाजिक, सांस्कृतिक रूपमा सामन्तवादी संस्कृतिलाई अझ बढि काँध थापेर बोक्दै हिँडेका छन् । आर्थिक रूपमा पछ्यौटे, सामन्ती टुक्रे उत्पादन सम्बन्ध र दलाल पुँजीवादी राजनीतिबाट पैदा भएको आत्मसमर्पणवादी संस्कृतिलाई आत्मसात गरिरहेका छन् । यसप्रकारको खच्चर संस्कृतिको विकास गराउने कार्यमा सत्तासीन वर्ग लागिपरेको छ । यस्तोवेला पारिवारिक मिलन तथा सामाजिक सद्भावका रूपमा तीजलाई अङ्गाल्नु पर्छ भन्नुको कुनै औचित्य छैन् । बरू यसले उही पुरातन सामन्तवादी संस्कार संस्कृतिलाई नै बलियो बनाउन मद्दत पुऱ्याउँछ । फलस्वरूप जातीय, लिङ्गीय, धार्मिक रूपले असमानता र विभेदका पर्खाल अझ बलिया भएर खडा भइरहन्छ । त्यसपछि नारिवादका कुरा पनि राजनीतिका मुट्ठीभर महिला नेताहरूलाई सत्ताको जुठो चाटेर तृप्त पार्ने अवसर प्रदान गर्ने र कतिपय एनजिओ आइएनजिओहरूका निम्ति डलर कमाउने स्थायी भाँडो भइरहन्छ । २०७६ भदौ २१

hmdukhi@gmail.com

कविता

खै कहाँ छ मेरो देश

● कृष्ण गुरुङ

खै कहाँ छ मेरो देश अनि ,
संस्कृति भाषा र भेष अनि “

विदेशी गाडी तेल, जहाज र रेल,
केही छ त नेपालको अवशेष अनि ।

कपडा चामल सुन देखि नुन पनि,
सवै विदेशी केछ नेपाली शेष अनि “

कोशी वेचे अनि महाकाली सारा पानी,
वेचि सके लिपुलेक कैयौं मधेस अनि ।

ग्यांस देखि सियो र टाँक विदेशी
अरु विना चल्दैन नेपाली मेष अनि “

उनैको पैसा तानी बेचिए सम्पदा खानी,
राज्यको भुमिका वन्यो यहि विषेश अनि ।

लाउडा जस्तै वाइडवडी उसकै
वित्तवाणिज्य साम्राज्यकै परिवेश अनि“

केवल नेपाली वन्न परिवार र जीवन धान्न ,
मृत्युसंग जुवाखेल्दै लाखौंयुवा विदेश अनि ।

राज्यद्वारा गर्दैछ संस्थागत भ्रष्टाचार
व्यभिचारी सरकार भन्ने उपदेश अनि,

संस्थागत देशद्रोह विदेशीहरू को प्रपोगण्डा
खोज्दैछु खै कहाँ छ मेरो राष्ट्रको वेश अनि ।

डेंगुबारे बुझ्नु पर्ने कुरा

डेंगु लामखुट्टेको टोकाइबाट सर्ने रोग हो । यो एक प्रकारको ज्वरो हो। यो रोग एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने रोग हो। यो लामखुट्टे ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा बढी हुन्छ। ससाना पानीको पोखरीमा यसले फुल पार्छ। खास गरी वर्षाको पानी जम्ने टिनका डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रम, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यो लामखुट्टेले फुल पार्छ।

डेंग एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो। यो भाइरस डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ। यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्छ ।

यी हुन् लक्षण

-डेंगुको प्रमुख लक्षण एक्कासि उच्च ज्वरो आउनु हो। यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ।

- असाध्यै टाउको दुख्ने

-आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने

-ढाड, जोर्नी तथा मांसापेशी दुख्ने

-शरीरमा बिमिरा आउने

-वाकवाकी लाग्ने

-पेट दुख्ने

-नाक वा गिजाबाट रगत बग्ने

-रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षण पनि देखा पर्न सक्छ ।

यी हुन् बच्ने उपाय

-डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नुपर्छ।

-पानी जम्न सक्ने भाँडाहरू जस्तै ९ गमला, फूलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गाडीका काम नलाग्ने टायर आदिमा पानी जम्न नदिने

-पानीको ट्याङ्कीलाई लामखुट्टे छिर्न नदिने गरी छोपेर राख्ने

-कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने

-फूलदानीमा रहेको पानी हप्तामा दुईपटक फेर्ने

-यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउने

-सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटिलार्य जुनसुकै समयमा पनि झुलभित्र सुताउने

-लमखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मल्हम दल्ने

-घरका झ्याल ढोकामा जाली लगाउने

-घर वरिपरि सफासुग्घर राख्ने, पानी जम्ने खाल्टाखुल्टी पुर्ने

मोदी...

संभावना छ । यसको पक्ष र विपक्षमा त्यहाँका पार्टी र नेताहरू विभाजित भएका छन् । यसले ल्याएको हिन्दुवादी "लहर"का अगाडि यसको विरोध गर्नेहरूको स्वर त्यति चर्को हुन सकेको देखिदैन । भारतभरिका मुसलमानहरूले अल्पसंख्यक माथिको दमनका रूपमा यसको विरोध त गरिरहेका छन्, तर त्यो त्यति प्रभावी बनिसकेको देखिँदैन । यसले भारतीय समाजमा नयाँ अनतर्विरोध पैदा गरेको छ ।

स्वयम् जम्मु कस्मिरमा भने जनआक्रोस चर्को रूपमा रहेको तर सेना, अर्धसैनिक बल र प्रहरीको व्यापक गतिविधि र नियन्त्रणका कारण अहिलेसम्म त्यो विस्फोटित हुन नसकेका खबरहरू विदेशी संचार माध्यमहरूमा आइरहेका छन् । मूलधारका राजनीतिक पार्टीहरू समेत पनि अहिले त्यहाँ अघोषित प्रतिबन्धित अवस्थामा रहेका देखिन्छन् । प्रमुख राजनीतिक पार्टी र देशका संसदीय मूलधारका पार्टीका नेताहरूलाई पनि जम्मु कस्मिर भ्रमण गर्ने अनुमति दिइएको छैन । जम्मु कास्मिरका पूर्व मुख्य मन्त्रीहरू- फारुक अब्दुल्ला, उमर फारुक र महबुबा मुफ्ती आजसम्म पनि "हाउस एरेष्ट"का नाममा बन्दी बनाइएका छन् । मोबाइल फोन र इन्टर नेटका लाइन काटिएका छन् । सरकारी नियन्त्रणमा सञ्चालित केही फोन बुथमा मानिसहरूको धेरै लामो लाइन लागेका चित्रहरूमा देख्न सकिन्छ ।

ऐतिहासिक पृष्ठभूमि

तत्कालीन भारतबाट ब्रिटिश साम्राज्यवाद पछि हट्ने कुरा निश्चित भैसकेपछि त्यतिखेरको भारत टुक्रिने पनि निश्चितै भएको थियो । जवाहरूलाल नेहरू, मोहमद अलि जिन्ना र ब्रिटिश शासकका बीचमा भएका सम्झौता अनुसार मुस्लिम बाहुल्य भएको क्षेत्रलाई 'पाकिस्तान' नामाकरण गरेर भारतको पूर्वी भाग 'पूर्वी पाकिस्तान' र पश्चिमी भाग 'पश्चिमी पाकिस्तान' बनाउने सहमति भएको थियो । यसमा भारतभर राज्य गर्दै आएका राजा, महाराजाहरूलाई पनि सामेल गराउने प्रयास वा नौटंकी पनि गरिएको थियो । जम्मु कास्मिरको स्थिति त्यतिखेर अन्य राज्यको भन्दा फरक रह्यो । त्यहाँका तत्कालीन शासक हरि सिंह हिन्दु राजा थिए भने त्यहाँका प्रजा (जनता) मा चाहिँ मुसलमानको जनसंख्या अत्यधिक थियो । यो अन्तरविरोधलाई समाधान गर्दै जम्मु कास्मिरको यो भागलाई भारतमा मिलाउन नेहरूले हरि सिंहलाई मिलाउन त सहज भयो । तर त्यहाँका मुस्लिम जनताको चित्त बुझाउन कठिन भयो । उनीहरूलाई मनाउनका लागि केही संबैधानिक प्रतिबद्धता आवश्यक भयो । यसका निमित्त- जम्मु कास्मिरलाई स्वायत्त प्रदेश स्वीकार गर्ने, त्यहाँका जनताले भारतको संविधान मान्नु नपर्ने, त्यहाँको लागि छुट्टै संवैधानिक व्यवस्था गरिने, भारतको झण्डा पनि मान्नु नपर्ने, त्यहाँको झण्डा पनि त्यहाँका जनताले तय गरे अनुसार नै राखिने, जम्मु कास्मिरमा बाहिरबाट जनसंख्या अतिक्रमणलाई रोक्न अन्य स्थानबाट आएका मानिसले जग्गा र स्थायी सम्पत्ति खरिद गर्न नपाइने व्यवस्था गरियो । भारतीय संविधानको धारा ३७० ले त्यो राज्यको स्वायत्त शासनका अधिकार, संवैधानिक व्यवस्था आदिको ग्यारेण्टी गऱ्यो भने धारा ३५(क)ले सम्पत्ति खरिद गर्न रोक लगाउने र अन्य व्यवस्था गऱ्यो । यी आधारमा जम्मु कस्मिरका जनता भारतको सीमा भित्र रहन, भारतको स्वामित्व स्वीकार गर्न तयार भएका थिए । तर, धारा ३७० र धारा ३५(क) खारेज गरिसकेपछि अब उनीहरू भारतमा मिसिँदाका सबै शर्तहरू भंग भएका छन् । अब के गर्ने ? अहिले कास्मिरका जनताका अगाडि उपस्थित समस्याको मूल कारण यहि हो ।

पाकिस्तानको चासो

बाह्यरूपमा हेर्दा भारत भित्रै रहेको कास्मिरको समस्या जस्तो देखिए पनि यसको सम्बन्ध र प्रभाव पाकिस्तानमा तुरुन्तै देखिन्छ । यसका विभिन्न कारणहरू छन् । माथि चर्चा गरिएको कास्मिरदेखि बाहेक पनि अर्को कास्मिर छ, पाकिस्तानमा । उक्त कास्मिरलाई भारतले 'पाकिस्तानले कब्जा गरेको कास्मिर' भन्ने गर्दछ भने भारत पट्टीको कास्मिरलाई पाकिस्तालने पनि 'भारतले कब्जा गरेको कास्मिर' भन्ने गरेको छ । भारत र पाकिस्तानका बीचमा कस्मिरकै विषयलाई लिएर दुईपटक लडाईं नै भैसकेको छ। पहिलेको 'पूर्वी पाकिस्तान' अलग भएर बंगलादेश बनिसकेको छ। विगतमा यस प्रकारका समस्याहरू हुँदै आइरहेको सन्दर्भमा भारत सरकारका तर्फबाट खारेज गरिएका धारा ३७० र ३५(क) बाट उत्पन्न नयाँ स्थितिमा यसले भारत र पाकिस्तानका बीचको अन्तर्विरोध झन् नयाँ ढंगले विकसित हुने देखिन्छ । लद्दाखको एउटा सानो भागको स्वामित्व चीनसँग समेत जोडिएको हुनाले चीनको पनि यसमा चासो बढेको देखिन्छ ।

पहिलेदेखि नै कास्मिरका जनताको समर्थनमा पाकिस्तान रहँदै आएको हो । भारत सरकारको भारतीय सतंविधानबाट उपरोक्त दुईवटा धाराहरू खारेज गर्ने निर्णयले त झन् लाखौं कास्मिरी जनतालाई राज्यविहीन अवस्थामा पुऱ्याइएको आशंकाले गर्दा उत्पन्न सहानुभूतिका कारण पाकिस्तानी जनताको समर्थन ह्वात्तै बढने संभावना देखापरेको छ । भारतको नयाँ कदमका विरुद्ध पाकिस्ताका विभिन्न स्थानहरूमा ऱ्याली र विरोध प्रदर्शनहरू भएका छन् । पाकिस्तानको इमरान खाँ सरकारमाथि भारतविरुद्ध कडा कदम चाल्नका लागि दवाब बढ्दै गएको छ ।

पाकिस्तानको कुटनीतिक पहल

भारतको उक्त कदमको विरुद्ध पाकिस्तानले कुटनीतिक पहललाई निकै बढाएको थियो । घटनाको लगत्तैपछि पाकिस्तानले आफ्ना विदेश मन्त्रीलाई चीन पठायो । यसका साथै संयुक्त राष्ट्र संघमा पनि पाकिस्तानले यो विषयलाई उठाउने काम गऱ्यो । अमेरिकासँग पनि पाकिस्तानले यो विषयमा पुरानो मित्र अमेरिकाको सहयोग मागेको थियो । अन्य छिमेकी मुलुकहरूसँग पनि पहल अगाडि बढाउने काम गऱ्यो ।

अन्य राष्ट्रहरूको भूमिका

अहिलेसम्मको स्थितिलाई हेर्दा पाकिस्तानको पक्षमा दह्रोसँग उभिने देश चीन नै भएको छ । चीनले यो मामिलालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने कुरामा नै जोड दिएको छ । सुरुमा डोनाल्ड ट्रम्प यो दुई देशको मामिला भएको हुनाले आफुले मध्यस्थता गर्ने प्रस्ताव राखेका थिए । तर भारतीय प्रधानमन्त्रीसँगको भेटपछि उनले कुरा फेरेका छन् । अन्तर्राष्ट्रिय मंचमा चीनसँगै देखिएको रुस यसपटक पनि भारतकै पक्षमा देखापरेको छ । अन्तर्राष्ट्रिय समुदाय आफ्नो पक्षमा समर्थन नगरेको विषयमा इमरान खाँले असन्तोष व्यक्त गरेका छन् ।

धम्की र आक्रोशका स्वरहरू

इमरान खाँले जेसुकै भए पनि पाकिस्तान कस्मिरी जनताको पक्षमा अन्तसम्म पनि लगिरहने प्रतिव्यक्तता व्यक्त गरेका छन् । त्यसैगरी अमित शाहले पनि एक थोपा रगत रहेसम्म यसका निमित्त आफू लडिरहने बताएका छन् । दुबै देशले सैनिक तयारी गरिरहेका छन् भन्ने समाचारहरू पनि विदेशी संचार माध्यममा आइरहेका छन् । छिटफुट गोलावारीका घटना पनि घटि रहेका छन् । दुई देशका बीच अर्को युद्ध त हुने होइन ? भन्ने प्रश्न पनि उठिरहेका छन् ।

अन्त्यमा

भारत सरकारले संविधानका दुईवटा धाराहरू खारेज गरिसकेपछि त्यसको असर कास्मिरमा, समग्र भारतमा, दक्षिण एशियामा र विश्वस्तरमा पनि निकै ठुलै मात्रामा परेको छ । त्यत्रो संख्यामा सेना र अर्धसैनिक बल प्रयोग गर्दा पनि कास्मिरी जनता संघर्षमा उत्रने प्रयास गरिरहेका छन् । सँधैभरि बल प्रयोगकै आधारमा शान्ति कायम गर्ने कुरा संभव छैन । भोली कास्मिरबाट सैनिकहरू फिर्ता गरेपछिको स्थिति के हुने हो भन्ने कुरा अहिले नै भन्न सकिने स्थिति छैन । पाकिस्तान र भारत बीचका यो आमने सामने हुन सक्ने स्थितिका पनि अहिले नै आँकलन गरि हाल्न सकिने स्थिति छैन । जताबाट हिसाब गर्दा पनि यसले परिणाम गम्भीर ल्याउने नै देखिन्छ । *०७६ / ०५ / २०*

मार्क्सवाद...

भूमिसुधार कार्यक्रम लागू गरियो । यसले जमिन्दारवर्गमा केही प्रहार त गऱ्यो तर वास्तविक अर्थमा भूमिसुधार हुन सकेन । यस अवधिमा नेपालको सामाजिक, आर्थिक संरचना र उत्पादन सम्बन्ध अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रहनु साथै भूमण्डलीकृत साम्राज्यवाद तथा नव-उदारवादबाट पनि प्रभावित हुन पुगेको पाइन्छ ।

२०४७ सालपछि पञ्चायतको अन्त्य र बहुदलीय संसदीय व्यवस्थाको स्थापना लगत्तै नेपाली अर्थतन्त्र भूमण्डलीकृत साम्राज्यवादको नव-उदारवादसित जोडिन पुग्यो । उदारवाद र खुल्ला अर्थतन्त्रको नाममा देशका ठूला सार्वजनिक उद्योगहरूको निजीकरण गरियो । कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वित्त र सञ्चारका क्षेत्रमा निजीकरण र व्यापारीकरण तीव्र बनेको छ । नव-उदारवादी संरचनागत समायोजन कार्यक्रमको कारण कृषिमा दिँदै आएको अनुदान, भन्सार कृषि बजार र आयात-निर्यातमा प्रतिकूल प्रभाव पर्दै गएको छ । परिणामतः देश ऋण तथा व्यापार घाटामा डुब्ने र टाट पल्टने स्थितिमा पुग्दैछ । गत आ.व. ०७५/०७६ को अन्तसम्म व्यापार घाटा र वार्षिक सरकारी बजेटको आयतन लगभग बराबर (करिब १५ खर्ब) पुगेको छ । यसबाट के देखिन्छ भने नेपाल राष्ट्रिय हैन, दलाल तथा नोकरशाही पुँजीवादको खेलमैदान बन्न गएको छ । २००७ सालदेखि २०४६सालसम्म नेपालको सामाजिक, आर्थिक संरचना र उत्पादन सम्बन्ध अर्धसामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रह्यो र त्यो २०४७ सालदेखि हालसम्म पनि कायमै छ ।

नेपालको हालको तथाकथित 'कम्युनिस्ट' सरकारको आर्थिक क्रियाकलाप (बजेट) को सामान्य चिरफार गर्ने हो भने पनि यो 'पुँजीवादी' सरकारको भन्दा कुनै अर्थमा प्रगतिशील देखिँदैन । सरकारको पुँजीगत खर्च (विकास खर्च) असफल देखिएको छ भने साधारण खर्च (प्रशासकीय खर्च) बढेर गएको छ । देशको आम्दानीले साधारण खर्च धान्न सक्ने देखिँदैन । पहिले सामन्तहरूको जमिनबाट कुत खान्थे भने अहिले विकासे बजेटबाट पार्टी नेता, कार्यकर्ता, व्यापारी र दलालहरूको बीचमा घुस बाँडिन्छ । सरकारले उत्पादन बढाएर रोजगारी सिर्जना गर्नुको साटो युवालाई विदेश निकासी गरेर 'आर्थिक समृद्धि' को गुड्डी हाँक्छ । काम गर्ने युवाजनशक्तिलाई विदेश धपाएर देशमा समृद्धि आँउछ ? समाजवाद आँउँछ ? समाजवादोन्मुख अर्थव्यवस्थाको वकालत गर्ने सरकारी पण्डाहरूले समाजवादी अर्थतन्त्रका सामान्य मूल्य मान्यतालाई पनि आत्मसात्. गर्न सकेको पाइँदैन । उत्पादनका साधनमाथिको स्वामित्व, सामाजिक हितको उद्देश्य, मूल्य निर्धारण, निर्णय प्रक्रिया आयातका विषयमा कहिँ कतै सरकारी उपस्थिति प्रभावकारी छैन । सम्पूर्ण क्षेत्रमा निजी क्षेत्रको बोलवाला छ ।

उत्पादनका साधन (जमिन, श्रम, पुँजी र कारखाना) मा कहाँ छ सरकारी स्वामित्व ? खाना, आवास, नाना, सुरक्षा, स्वास्थ्य र शिक्षा सरकारको कुन प्राथमिकतामा छन् ? वस्तु र सेवाको मूल्य निर्धारणमा सरकारले निजी क्षेत्रसँग घुँडा नटेकेको ठाउँ कहाँ छ ? श्रोत बाँडाफाँड, उत्पादन र वितरणलगायतका विषयमा सरकारको कहाँ छ प्रभावकारी भूमिका ? उल्लिखित सबै क्षेत्रमा निजीक्षेत्र , दातृनिकाय , दलाल र तस्करहरूको बिगबिगि छ । यसलाई प्राथमिकतामा राखेर अघि बढ्ने कुनै योजना ,कार्यक्रम र कार्यसूचि छ यो सरकारसँग ? यस्तो अवस्थाबाट अघि बढिरहेको अहिलेको सरकार, नेपाली समाज र अर्थतन्त्र पुरै साम्राज्यवादी/पुँजीवादी ढाँचामा छ । यसलाई नभत्काएसम्म समाजवादका कुरा गर्नु हल्लाबाहेक अरु केही हुन सक्दैन । र यो विद्यमान अवस्थालाई ध्वंश गरेर समाजवादी अर्थतन्त्र निर्माण बाटो मालेमावादको आलोकमा सम्पन्न गरिने नयाँ जनवादी क्रान्तिको मार्ग खोल्नसक्छ । *१७ भाद्र, २०७६*

अन्तिम...

क्रान्तिकारी माओवादीका पीवीएम तथा बाँके बर्दिया इन्चार्ज संकुल, पार्टीका केन्द्रीय सल्लाहकार समितिका सदस्य कृष्ण भट्टराई लगायतका नेताहरूले अन्तिम श्रद्धाञ्जली कार्यक्रममा बोल्दै नेता अधिकारीले कम्युनिस्ट आन्दोलनमा पुऱ्याउनु भएको योगदानको बारेमा चर्चा गरेका थिए ।

पार्टीका बर्दिया सेक्रेटरी भूकम्पले सञ्चालन गरेको अन्तिम श्रद्धाञ्जली कार्यक्रममा नेता अधिकारीको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पणका निम्ति पार्टीका बाँके सेक्रेटरी अर्जुन, पूर्व जनमुक्ति सेनाका बटालिन कमाण्डर विपिन रोकाया, किसान महासंघ(क्रान्तिकारी)का केस प्रेम थापा, देजमोको बर्दियाका अध्यक्ष विक्रम भण्डारीलगायत क्रान्तिकारी माओवादी र अन्य विभिन्न राजनीतिक पार्टीका नेता कार्यकर्ताहरू बबई नदीमा पुगेका थिए ।

वक्तव्य निकालेर नेता अधिकारीको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै क्रान्तिकारी माओवादीले अधिकारीको निधनबाट पार्टी र क्रान्तिका लागि ठूलो क्षति भएको जनाएको छ ।

नेता अधिकारीको बुधबार राती साढे १० बजे उपचारको क्रममा नेपालगञ्जको भेरी अस्पतालमा निधन भएको थियो ।

यसैबीच, क्रान्तिकारी माओवादी बर्दिया जिल्लाले पनि एक वक्तव्य जारी गरी पार्टीका केन्द्रीय सल्लाहकार अधिकारीको निधनले नेपालको सिंगो कम्युनिस्ट आन्दोलनमा क्षति पुगेको जनाएको छ र दिवंगत नेता अधिकारीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक संतप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ । नेता अधिकारीको निधनबाट जिल्ला पार्टी मर्माहत बनेको भन्दै पार्टी सचिव भुकम्पले जारी गरेको वक्तव्यमा नेता अधिकारीका अधुरा सपना पुरा गर्न पार्टी जस्तोसुकै चुनौतीको सामना गर्न तयार रहेको उल्लेख गरिएको छ ।

राष्ट्रियता...

सरकारका मन्त्रीहरूले देशमा ब्रह्मलुट मच्चाउन खोजेका छन् ।" नेता गजुरेलले अगाडि भने, "जि.एम.आर. कम्पनी टाट पल्टिसकेको अवस्था उजागार भैसकेको अवस्थामा सम्पूर्ण देशप्रेमी जनताहरू यसको विरोधमा उत्रिएर उक्त सम्झौता खारेज गर्न दबाव दिनुको विकल्प छैन । तर सरकार जसरी पनि उसैलाई पुनः नवीकरण गराएर भ्रष्टाचार, अत्याचार, अन्यायको जालोमा रुमल्लिरहेको छ, जुन राष्ट्रको निमित्त प्राणघातक रोग समान छ ।"

"नेपाली जनतालाई विद्युत्को आवश्यकता त छँदैछ । किन्तु सो भन्दा पनि बढि आवश्यक कुरा त पिउने पानी र अन्नको लागि सिँचाइको व्यवस्थापन गर्नु हो । त्यसको निमित्त पनि उक्त विशाल परियोजना नेपाल स्वयंले सञ्चालन तथा लगानी गर्नुपर्दछ ।"

पटक पटक निर्धारित समयसीमा भित्र काम गर्न नसक्ने जिएमआर कम्पनीलाई पटक पटक नवीकरण गरेर सरकारले भारतपरस्त र लम्पसारवादी चरित्र प्रदर्शन गरेको आरोप लगाउँदै अध्यक्ष गजुरेलले वर्तमान दलाल तथा पुँजीवादी, भ्रष्ट, नोकरशाही राज्य व्यवस्थालाई ध्वंश पार्नको निमित्त पुनः एकपटक सडक आन्दोलन तताउन जरुरी देखिएको विचार व्यक्त गरे ।

सो अन्तर्क्रिया कार्यक्रममा सभापति लोककृष्ण भट्टराईले जनतामा जागरुकता बढ्दै गएकाले शाषकहरू रूपान्तरित हुने विश्वास व्यक्त गरेका थिए भने राष्ट्रियताका अभियन्ता साध्य बहादुर भण्डारीले कुर्सीमा पुगेपछि राष्ट्रियताप्रति आँखा चिम्लने प्रवृत्तिलाई सशक्त आन्दोलनबाट जवाफ दिनुपर्ने धारणा व्यक्त गरे

कार्यक्रममा जलस्रोतविज्ञ रतन भण्डारीले कार्यपत्र प्रस्तुत गरेका थिए । माथिल्लो कर्णाली सम्झौतामा राष्ट्हित विपरीतका प्रावधानहरू धेरै रहेको चर्चा गर्दै सो सम्झौता रद्द गर्नुपर्ने कारणसहितको धारणा प्रस्तुत गरेका थिए ।

त्यस्तै अर्का जलस्रोतविद रत्नसञ्चार श्रेष्ठले नेपालमा सबैजना जलस्रोतविज्ञ भएका तर राष्ट्रहितको पक्षमा कोहि पनि काम नगर्ने र आवश्यक आवाज बुलन्द पनि नगर्ने र दलाल तथा भ्रष्टहरूकै पक्षपोषण गर्ने गरेको भन्दै विज्ञहरूप्रति व्यङ्ग्य प्रहार गरेका थिए । उनले अब सबै देशभक्त, जनप्रेमीहरू एकढिक्का भएर राष्ट्रघातका विरुद्ध आवाज उठाउनु पर्ने विचार व्यक्त गरेका थिए ।

त्यस्तै अर्का जलस्रोतविद् दिपक ज्ञवालीले भारतको मूल चासो नेपालमा जलासय भण्डारण गर्न नदिनु हो भन्दै भारतले भनेजस्तो गरिने हो भने नेपालमा पिउने पानीको समेत अभाव हुने चेतावनी दिए ।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष तथा सांसद दुर्गा पौडेल, नेता घनश्याम भुसाल, नेकपा मालेका नेता डम्बर श्रेष्ठ, जनसमाजवादी पार्टीका अध्यक्ष सुवास काफुले, पूर्वमन्त्री दीपक ज्ञवाली, माथिल्लो कर्णाली वचाउ अभियानका भरत बहादुर शाही, संघीय सांसद राज बहादुर बुढा, जलश्रोत विज्ञ रत्नसंसार श्रेष्ठ, वरिष्ठ अधिवक्ता वोर्ण बहादुर कार्की लगायतका व्यक्तिहरू बोलेका थिए ।

क्षमा प्रार्थी छौं

गतांक पेज २ मा धनेश्वर पोखरेलको लेखमा सारांशमा अन्यथा पर्न गएकोमा क्षमा प्रार्थी । -सं.

काठमाडौंदेखि बुर्तिवाङसम्मको आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

रुद्रताल यातायात प्रा.लि.

प्रधान कार्यालय :
ढोरपाटन- १ बागलुङ्ग
शाखा कार्यालय :
बालाजु, काठमाडौं
सम्पर्क : ०१- ४३५२२२२
९८५१०४९९५१

कृपया टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

यातायात व्यवस्था सेवा कार्यालय पाल्पाको सूचना

कार्यालयबाट प्रदान गरिने सेवाहरू
१. सवारी साधनको कर असुल गर्ने ।
२. ब्लुबुक नवीकरण गर्ने ।
३. रुट परमीट नवीकरण गर्ने ।
४. सवारी साधन जाँच पास गर्ने ।
५. अस्थायी इजाजत (पटके) दिने

"सवारी साधनको कर समयमै तिरी जरीवानाबाट बचौं ।"

यातायात व्यवस्था सेवा कार्यालय
बर्तुङ, पाल्पा

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१-५२२५२८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

सम्पर्क-
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म



काठमाडौं सम्पर्क नम्बर	गाईघाट सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३	फोन नं. ०३५-४२१६४३
- ९८१७७१९६९७	पुरुषोत्तम खनाल - ९८५२८३५६९०
ईन्द्र कट्टेल - ९८१८४१५२९०	- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन	सिन्धुली फोन
०१-५१००४९४	०४७-५२११६९
९८४११०६९६७	०४७-६९१३३२
९८४४४०३१५९	९७४४०२२७३५
	९८४४२५२३८५
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।	९८१२०७५६९८
	९८६०१०२७३७
	९८४४००८४००

आलोपालो

सधैं सम्झिरहने कुशल संगठक र सालिन व्यक्तित्व कमरेड राममणी शर्मा

❑ दिल बहादुर कठायत (भुकम्प) ❑

कम्युनिस्टको उर्भर भुमि भनेर चिनिने जिल्ला प्युठान हो । सोही जिल्लाको सल्ली बेसी भन्ने ठाउँमा बुबा मणिराम शर्मा र आमा पुर्णकला शर्माको काखबाट २००३ साल असोज ६ गते जन्मिनु भएका अधिकारीको तिन भाई र तिन बहिनी मध्ये जेष्ठ सुपुत्र हुनुहुन्थ्यो । उहाँले प्युठानमा आफ्नो बाल्यकाल बिताउने भएता पनि २०२५/०२६ साल तिर बसाई सरेर बर्दिया आउनु भएको थियो। पहिल्यै देखी अन्याय अत्याचारका बिरुद्ध संघर्ष गर्न र रुचाउने अधिकारी समय बित्दै जाँदा २०२९ सालमा कम्युनिस्ट पार्टीको सदस्य नभएकै अवस्थामा पनि उहाँले किसान, मजदुर र मुक्त कमैयाकोहरूको हकहितमा बर्दियाली भुमिमा संघर्षको उत्थान अर्थात नेतृत्व गर्नु भएको थियो । त्यही संघर्षको दौरानमा एक जना मजदुर मोहन बहादुर थारुको निधन भएको थियो र त्यो संघर्षलाई अहिले हामी थुमै काण्ड भनेर चिन्ने गर्दछौं ।

पेशाले शिक्षक भएतापनि नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँको महत्वपूर्ण भुमिका रहेको हामी पाउँदछौं । २०३१ सालमा भएको चौथो महाधिवेशनमा उहाँले पहिलो कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । भने उहाँले जिवनको उतार्चाडाव घुम्टि मोडहरूमा जस्ता सुकै हावाहुरीहरू चलेपनि क्रान्तिकारी बाटो कहिल्यै भुल्नु भए बरु एक कुशल संगठक निष्ठावान व्यक्तित्वको भुमिका निर्वाह गर्दै एकातिर आफ्ना व्यक्तिगत पेशालाई संगाल्दै अर्कोतिर नेपाली कम्युनिस्ट आन्दोलनको मार्गमा अगाडी बढी रहनु भयो । २०३१ साल पछि झण्डै ५ बर्ष अर्थात २०३५ सालमा बर्दिया जिल्लाको सेक्रटरीको जिम्मा लिएर काम कार्यहरू अगाडी बढाउनु भयो । एकातिर पार्टीको महत्वपूर्ण जिम्मेवारी अर्कोतिर शिक्षक पेशा यो दुवैलाई मिलाएर लैजानु पर्ने असाधै चुनौति थियो । त्यसमा पनि पंचायत कालिन अवस्थामा क्रान्तिकारीहरूलाई काम कार्य गर्न प्रतिबन्धित हुन्थ्यो । त्यसको बाबजुट पनि नडराई पार्टी काम कार्यमा अग्रसर भएर आफ्नो जिम्मेवारी निर्वाह गर्नु हुन्थ्यो । यसै सिलशिलामा उहाँलाई २०३६ सालमा मंसिर महिनाको समय थियो । चुरे मा.वि. बगनाहामा आफ्नो विषय पढाई रहेको अवस्थामा स्कुल हाता भित्र अर्थात क्लास भित्रै आएर गिराफ्तार गरि शारिरीक यातना दिने मानसिक यातना दिने जस्ता क्रियाकलापहरू भइरहन्थे तर पनि राज्यसत्ताको बर्बर्ताबाट कहिले पनि हरेष खानु भएन । बरु हजारौ क्रान्तिकारी योद्धाहरूको जन्म गराउनु भयो र एक कुशल संगठकको दर्जा आफ्नो नाम लेख्न सफल हुदै अगाडी बढ्नु भयो । नेपाली क्रान्तिका विभिन्न टुटफुट गुड र उतारचडाबबाट कहिले निराश हुनु भएन बरु झन उजा्शिल बन्दै बनाउदै अगाडी बढ्नु भयो ।

२०४० सालमा पार्टीको बैकल्पिक केन्द्रीय सदस्य हुदै २०४८ सालमा भएको एकता महाधिवेशनबाट पुर्ण केन्द्रीय सदस्य भएर काम गर्नु भयो । काम कार्यको शिलशिलामा दिउँसो स्कुलमा गएर विद्यार्थीहरूलाई बढाउने लेखाउने र रातीको पुरै समय पार्टीको काम कार्यमा लागाउनु हुन्थ्यो । यो समयमा पार्टी जनयुद्धको तयारीमा भएकोले पनि उहाँहरूको असाध्यै ठुलो भुमिका रहेको छ । जसमा संगठन बनाउने काम प्राविधिक निर्माण र सम्पर्क गर्ने जस्ता काम कार्यहरू साथै स्कुलिङ्ग दिने जस्ता महत्वपूर्ण काम कार्यमा भुमिका खेल्नु भएको थियो । पार्टीको पुरै जनयुद्धको तयारीको चरण सकिएपछि मात्र २०५२ साल फागुन १ गते यो धर्तिमा अर्थात नेपाली भुमिमा महान जनयुद्धको संखघोष भयो । उहाँ दिन प्रतिदिन पार्टीका आन्तरिक काम कार्यलाई निरन्तरता दिन छोड्नु भएन । उति खेर प्रतिक्रियाबादी शाही सेनाले कमरेड राममणि शर्मा अधिकारीलाई दिन सम्म यातना जेलनेल दियो कि शारिरिक मेरुदण्ड नै भाँचिने गरेर तर उहाँले क्रान्तिकारीहरू यातना जेलनेल बाट डराउनदैनन बरु सहिद हुन्छन । मलाई मारा म सत्यको बाटो कहिल्यै छाड्ने छैन भन्नु हुन्छ । देशमा एकपछि अर्को सफलता हात पार्दै महान जनयुद्ध अगाडी बढीरहेको थियो, उहाँले आफ्नो क्षेत्रबाट क्रान्तिलाई सघाई रहनु भएको थियो । पछिल्लो चरण अर्थात रणनितिक सन्तुलनको चरणमा प्रवेश गर्दै थियो उहाँका यातनाका घाउहरूले गर्दा असाध्यै कमजोर र अर्थात थला पर्नु भयो । उहाँलाई उपचारको शिलशिलामा भारतको लखनउ गएर आफ्नो उपचार गरेर फर्किनु भयो ।

तराई क्षेत्रको बर्दिया जिल्ला माओबादी आधार इलाका अर्थात लाल किल्ला भनेर चिनेन्थ्यो त्यसैले पनि फिल्डमा काम कार्य गर्न असाध्यै कठिन थियो । किनकि दुस्मनले पिछा गरिरहन्थ्यो । तर पनि अस्वस्थ्यता एकातिर दुस्मनको पिछा अर्को तिर भएतापनि आफ्नो कर्तव्यलाई कहिल्यै भुल्नु भएन । नेपाली क्रान्तिले अर्थात महान जनयुद्धले यहि विचमा केही उतावचढाव खेप्नु पर्‍यो । जसमा महासचिव कमरेड मोहन वैद्य किरण र दे.ज.मो. नेपालका अध्यक्ष सिपि गजुरेलको गिराफ्तारी पछि बुनिएका तानाबानाको विपक्षमा रहेर आफ्नो मत जाहेर गर्नु हुन्थ्यो । पछि दिल्लीमा भएको बाह्र बुदे सम्झौता सेना समायोजन जस्ता विषयमा घोर आपत्ति जनाउनु भएको थियो । पछिल्लो समयमा पार्टी सुधारवादी लाइनमा फस्दैछ । क्रान्तिकारीहरू सचेत र सजग रहनु पर्छ सुधारवादको विरोध र भण्डाफोर गर्नु पर्छ भन्ने गर्नुहुन्छ । पछिल्लो समयमा अर्थात २०६७ सालमा प्रचण्ड बर्दियामा

...*बाँकी ४ पेजमा*

राजनीतिक...

रूपमा बराबर ज्यालाको माग गर्नु भनेको सही कुरा होइन ।

मूल्य सिद्धान्तलाई यान्त्रिक रूपमा बुझ्ने कसै कसैले वस्तु उत्पादन गर्न जति धेरै श्रम लगायो, त्यो वस्तु त्यति नै बढी मूल्यवान हुन्छ भन्ने ठान्दछन् । तर अल्छी वा सिकारु श्रमिकले धेरै समय खर्चेर वस्तु बनायो भन्दैमा त्यो वस्तुको मूल्य धेरै हुन सक्दैन, समय अनुसार मात्र त्यो वस्तुको मूल्य धेरै हुन सक्दैन, समयलाई मात्र त्यो वस्तुको मूल्य निर्धारण गर्ने आधार बनाउनु हुँदैन । वस्तुको मूल्य तय गर्न औसत सीप र प्रविधि भएका श्रमिकहरूले खर्चिने श्रम समय अर्थात् सामाजिक रूपले आवश्यक श्रम समय नै आधार बन्दछ । यसरी श्रमको मूल्य सिद्धान्तले श्रमिकहरूको दक्षता, गुणस्तर र तत्परतालाई जोड दिने भएकोले श्रमिकलाई अल्छी बनाउने सन्देश दिंदैन । श्रमको मूल्य सिद्धान्त अनुसार कुनै पनि वस्तुको उत्पादन खर्च भनेको यसको उत्पादनमा लागेको जम्मा श्रम समय हो, तर श्रमको तत्कालिक खर्च मात्र भने होइन । वस्तुको श्रम मूल्यमा, त्यो वस्तु उत्पादन गर्दा प्रयोग हुने सबै खालका खर्चहरू जोडिन्छन् । यसमा पुँजीगत वस्तुहरू जस्तै - मेसिन, कच्चा पदार्थ, इन्धन आदि तयार गर्न खर्चिएको श्रम समय पनि समावेश हुन्छ ।

पुँजीपतिले निश्चित गरेको अवधि भित्र श्रमिकले आफ्नो श्रमशक्ति खर्च गर्ने समय नै श्रम समय हो । वस्तुको उपयोग र विनिमय मूल्य भए जस्तै, श्रम - विशिष्ट र अमूर्त दुई प्रकारको भएझैं श्रम र श्रम समय पनि आवश्यक र अतिरिक्त गरी दुई प्रकारको हुन्छ । पुँजीपतिले आफ्नो उद्योगमा काम गर्नका लागि श्रमिकहरूलाई ज्यालामा भर्ती गर्दछ । श्रमिक पुँजीपतिको पूरा अधिनमा रहन्छ, पुँजीपतिको निर्देशनमा त्यही काम गर्छ जुन काम उसले गर भन्दछ । पुँजीवादी प्रणालीमा श्रमिक काम गर्न विवश हुनु र पुँजीपतिल भने अनुसार नै काम गर्न बाध्य हुनुको कारण हो । यो प्रणालीमा पुँजीपतिहरू उत्पादनका साधनको मालिक हुन्छन् । श्रमिकहरूसँग उत्पादनका साधन हुँदैनन्, उनीहरूसँग मात्र काम गर्ने योग्यता, शारीरिक र मानसिक क्षमता, बल, कुशलता, बुद्धि, ज्ञान आदि मात्र हुन्छन् ।

पुँजीवादी प्रणालीमा श्रमिकसँग उत्पादनको अन्य साधन नहुने भएकोले स्वतन्त्र रूपमा आफ्नो श्रम शक्तिको उपयोग गर्न सक्दैन । उत्पादनको अन्य साधन बिना श्रम गर्न सकिदैन र उत्पादन पनि हुँदैन । त्यसैले जीवन बचाइराख्नका लागि, आफू र आफ्नो परिवारको भरण पोषणको लागि श्रमिक आफूसँग भएको एक मात्र चीज-श्रमशक्ति बेच्न बाध्य हुन्छ । यसो नगर्दा उ भोकै मर्न सक्छ, आफूलाई बचाउन आफ्नो श्रमशक्ति किन्ने मालिकको खोजीमा उसले पुँजीपतिलाई पाउँछ । श्रमशक्ति भनेको श्रमिकको श्रम गर्ने त्यही क्षमता हो, जुन ज्यूँदो मान्छेमा मात्र हुन्छ । मानिस श्रमशक्तिको सग्लो रूप हो ।

श्रमशक्ति र श्रम एउटै चीज भने होइन । श्रमशक्ति भनेको श्रम गर्ने क्षमता हो । श्रम चाहिँ श्रमशक्तिले गर्ने काम हो, उत्पादन प्रक्रियामा प्रयोग हुने चीज हो । यसरी मानिस भित्र रहेको सिर्जनात्मक ढंगले उपयोग मूल्य पैदा गर्न सक्ने मानसिक र भौतिक क्षमता नै श्रम शक्ति हो । यही आधारमा अन्य वस्तु सरह श्रमको पनि मूल्य निर्धारण गर्न सकिन्छ । श्रमशक्ति बेच्ने श्रमिकले जीवन निर्वाहको लागि आफ्नो श्रमशक्तिलाई टिकाई राख्नु जरुरी हुन्छ । त्यसैले श्रमको मूल्य भनेको वास्तविक अर्थमा श्रमिकको श्रमशक्ति टिकाई राख्न आवश्यक पर्ने न्यूनतम मूल्य हो, श्रमिकलाई बाँच्नको लागि चाहिने आवश्यक उपभोग्य वस्तु किन्न पुग्ने मूल्य हो । श्रमिकको श्रम गर्ने क्षमताको खरिद-बिक्रि गर्नु भनेको पुँजीवादी प्रणालीमा श्रमशक्तिलाई वस्तु सरह मान्नु हो । मार्क्स भन्छन् - श्रमिकको श्रमलाई पुँजीपतिले दुई अवस्थामा किन्न सक्दछ । पहिलो, त्यो श्रमिकसँग उत्पादनका कुनै पनि साधनहरू नहुँदा र दोस्रो, त्यो श्रमिक आफ्नो श्रमशक्ति बेच्न स्वतन्त्र हुँदा ।

६. मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त

ज्यालाको जीवन निर्वाह सिद्धान्त अनुसार श्रमिकलाई प्राण धान्न पुग्ने भन्दा बढी ज्याला दिइनु हुन्न - त्यसले उनीहरूलाई अल्छी तथा विलासी बनाउँछ । श्रमिकहरूलाई कष्टकर अवस्थामा राखिरहने यो सिद्धान्तका पक्षपातीहरूको दृष्टिकोणको विरोध गर्दै मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्छ प्रतिपादन गरेका हुन् । अर्को शब्दमा अतिरिक्त मूल्य भनेको श्रमिकले काम गर्ने कूल श्रम घण्टा र श्रमिकलाई जीवन निर्वाहको निम्ति आवश्यक पर्ने श्रम घण्टा बीचको अन्तर हो ।

अतिरिक्त मूल्य नै नाफाको स्रोत भएकोले उद्यमी वा पुँजीपतिहरू अतिरिक्त मूल्य सकेसम्म बढाउन चाहन्छन् । अतिरिक्त मूल्य बढाउन उनीहरूले सामान्यतः दुई तरिका प्रयोग गरेको पाइन्छ । पहिलो, उही ज्यालामा कार्य घण्टा बढाएर र दोस्रो, जीवन निर्वाहलाई अझ कष्टकर बनाएर । कार्य घण्टा बढाएर आर्जन गरिने अतिरिक्त मूल्य निरपेक्ष अतिरिक्त मूल्य हो भने दोस्रो तरिकाबाट आर्जन गरिने अतिरिक्त मूल्य चाहिँ सापेक्ष अतिरिक्त मूल्य हो । सापेक्ष आतिरिक्त मूल्य कमाउने यो दोस्रो तरिकामा ज्याला घटाउने, श्रमिकमाथि कामको चाप अझ बढाउने, ज्यालाबाट किन्ने वस्तुहरूको लागत घटाई ज्याला वृद्धि हुनबाट रोक्ने, प्रति इकाइ उत्पानका साधनमा हुने खर्च घटाउने, बढी उत्पादक मेसिनहरूको प्रयोग गर्ने । सापेक्ष अतिरिक्त मूल्य वा निरपेक्ष अतिरिक्त मूल्य कुन वृद्धि गर्ने भन्ने कुरा पुँजीपतिहरूको चाहना र बजारको प्रतिस्पर्धामा भर पर्दछ । तर दुईमध्ये एकै पटक दुबै तरिका प्रयोग गरे पनि वा एउटा मात्र प्रयोग गरे पनि अतिरिक्त मूल्य वृद्धि गर्ने कामले श्रमिकको शोषण बढाउँछ ।

बजारमा जुन मूल्यमा वस्तु तथा सेवाहरूको विनबेच हुन्छ त्यो नै बजार मूल्य हो । बजार मूल्य भित्र अतिरिक्त मूल्यका साथ साथै उत्पादनको कूल खर्च, वस्तु बजारसम्म पुर्‍याउँदा लाग्ने यातायात खर्च, विज्ञापन तथा बिक्रि प्रवर्द्धन खर्च, थोक बिक्रेता र खुद्रा बिक्रेतालाई दिइने नाफाको अंश तथा उत्पादक आफूले अझ नाफा लिने हिसाबले थपेको रकम आदि जोडिन्छन्। त्यसैले अतिरित्तः मूल्य भन्दा बजार मूल्य बढी हुन्छ । तर यसमा श्रमिकको भाग हुँदैन । त्यसैले श्रमिकले जीवन निर्वाहको लागि जसोतसो हात मुख जोर्ने ज्याला मात्र पाइरहेको हुन्छ ।

उत्पादनमा लागेको श्रम समय, अतिरिक्त श्रम समय तथा कच्चा पदार्थ र अन्य आवश्यक उत्पादनका साधनमा लागेको श्रमशक्ति रुपियाँ-पैसामा नै हिसाब गरी श्रमिकलाई ज्यालाको रूपमा दिइन्छ । यसरी उत्पादनको खर्च, अतिरिक्त मूल्य र बजारमा किनबेच गरिने मूल्य सबै रुपियाँ-पैसामा हिसाब गरिने भएकोले नै श्रमिकहरूले पनि आफ्ना ज्याला सुविधाको वृद्धिका लागि रुपियाँ-पैसामा नै माग राखी सौदावाजी गर्ने गर्छन् ।

कुनै मालको वास्तविक मूल्य सामाजिक श्रम कालको त्यो मात्रा हो जुन उक्त बस्तु उत्पादन गर्न खर्च गरिन्छ । यो अवधारणाले एउटा प्रश्नको उत्तर आवश्यक देखिन्छ । जब मालको मूल्य त्यसमा समाहित श्रमको मात्रा अनुसार नै गरिन्छ भने बजारमा त्यसको क्रयविक्रयद्वारा लाभ कसरी प्राप्त हुन्छ ? वर्तमान पुँजीवादी व्यवस्था अन्तर्गत मालको क्रयविक्रयद्वारा लाभ प्राप्त हुन्छ । लाभको मूल कारण हो अतिरिक्त मूल्य । पुँजीवादी व्यवस्था अन्तर्गत मानिसको श्रम शक्तिले पनि मालको रूप धारण गरेको छ र सामान्य माल जस्तै बजारमा क्रयविक्रयको वस्तु बनेको छ । आर्थिक दृष्टिले माल कहलाउनका लागि कुनै वस्तुमा मूल दुई तत्व हुनु आवश्यक छ एउटा प्राकृतिक र अर्को सामाजिक । प्राकृतिक तत्व भन्नाले त्यो स्थूल पदार्थ जसमा मानवीय आवश्यकता पूरा गर्ने क्षमता हुन्छ । सामाजिक तत्व भन्नाले वस्तुमा समाहित श्रमको मात्रा बुझिन्छ । अमूर्त सामाजिक श्रम आफ्नो अस्तित्व र उपयोगिताको प्राकृतिक तत्वको माध्यमले नै व्यक्त हुन्छ । जब हामी कुनै वस्तु खरिद गर्दछौं भने उपयोगितासँगै त्यसको सामाजिक तत्व अर्थात् समाहित मानवीय श्रमको परल मूल्य चुकाउँछौं । दुई तत्व वाहेक अरु कुरा पनि छन् जसको माल हुनु आवश्यक हुन्छ । प्रत्येक मालको मालिकले आफ्नो सम्पती स्वइच्छाले उपयोग गर्न पाउँछ र माल बजारमा विक्रय गर्नको लागि उत्पादन गरिन्छ । आज श्रम शक्तिले मालको यी सबै गुण धारण गरेका छन् ।

पुँजीवादी व्यवस्थाले एकातिर विशाल आद्योगिक कलकारखानालाई जन्मायो अर्कोतिर यस्तो सर्वहारा जनसमुदाय पनि उत्पादन गर्‍यो जोसँग आफ्नो भन्ने औजार, कच्चामाल, पुँजी केही पनि हुँदैन । जीवन निर्वाहको अन्य साधनको अभावमा सर्वहाराले पुँजीपतिलाई आफ्नो श्रमशत्तिः बेच्दछन् । बजारमा जुन किसिमले वस्तुहरूको क्रयविक्रय हुन्छ त्यसै गरी मानवीय श्रमशक्ति पनि क्रयविक्रय भइरहन्छ । जुन आधारमा हामी बजारको अन्य वस्तुहरूको मूल्य निर्धारण गर्छौं त्यही आधारमा श्रमशक्तिको मूल्य पनि निर्धारण हुन्छ अर्थात् हामीले यो विचार गर्नु पर्छ कि श्रम शक्तिको उत्पादन कसरी हुन्छ र त्यसको उत्पादनका लागि कति सामाजिक श्रमको आवश्यकता पर्दछ । मानिसको जीवन नै उसको श्रमशक्तिको मूल आधार हो र जीवनका लागि शारीरिक सुरक्षा पनि अनिवार्य हुन्छ । मानिसले त्यतिवेला मात्र श्रम गर्न सक्छ जुनवेला उसको शरीर श्रम गर्ने योग्य हुन्छ र शरीर श्रम गर्ने योग्य त्यतिवेला हुन्छ जब उसका आधारभूत आवश्यकता पूरा हुन्छन् ।

७.उपसंहार

राजनीतिक अर्थशास्त्रमा मार्क्सको योगदान उनको पहिलो आर्थिक कृति राजनीतिक अर्थशास्त्रको आलोचना हो । यसैलाई आधार बनाएर मार्क्सले पुँजीको तीनखण्ड तयार पारे । पुँजीको पहिलो खण्डमा पुँजीको उत्पादान र परिचालन बारे बर्णन गरेका छन् । दोस्रो खण्डमा श्रमको शोषण र त्यसबाट पुँजीको संचय बारे विस्तृत व्याख्या गरेका छन् । तेस्रो खण्डमा अतिरिक्त मूल्य बारे विसद व्याख्या गरेका छन् जसलाई उनले अतिरिक्त मूल्यको सिद्धान्तको रूपमा थप तीन खण्डमा तयार गरेका छन् । मार्क्सका यीनै कृतिहरूले उनको राजनीतिक अर्थशास्त्रको क्षेत्रमा योगदान बारे बुझ्न सकिन्छ । मार्क्सले पुँजी लेखेको १५० वर्ष पछि पनि त्यसको सान्दर्भिकतामा कुनै कमि आएको छैन । जब पुँजीवादी व्यवस्थामा कुनै संकट देखा पर्छ अनि मार्क्सको पुँजीको पठनमा विशेष पहल शुरु हुन्छ । आजको एक्काइसौं सताब्दीमा पनि मार्क्सको राजनीतिक अर्थशास्त्र विश्वका मानिसहरूका लागि विशेष आकर्षणको विषय रहेको छ ।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
गहिना चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।